# सौर्य दैनिक

SOURYA NATIONAL DAILY








वर्ष ९ | अंक १५९ | सोमबार, १२ साउन २०७७ | Monday, 27 July 2020 | www.souryonline.com | पृष्ठ : ८ | मूल्य रू. ५


कोइराला प्रकरणमा सर्वोच्चले भन्यो

# ‘घटना भवितव्यजस्तो देखिन्न’




■ सौर्य समाचार

काठमाडौं । सर्वोच्च अदालतको पूर्ण इजलासले सशस्त्र प्रहरीका पूर्वडिआइजी रञ्जन कोइरालाले पत्नी हत्या गर्नु भवितव्य मान्न नमिल्ने स्पष्ट गरेको छ । सरकारले दिएको निवदेनलाई ग्रहण गर्दै प्रधानन्यायाधीशसमेत गरेको फैसला पुनरावलोकन गर्न आदेश दिएको हो ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा र न्यायाधीश तेजबहादुर केसीको इजलासले कोइरालाले पत्नी गिता ढकालको हत्या भवितव्यमा भएको जिकिर गरेको थियो । भवितव्य भएको र चित्तमा पनि पर्न गएकाले कोइरालालाई जन्मकैद चर्को पर्न जाने र ८ वर्ष ६ महिना मात्रै कैद गर्दा पनि सजायको मकसद पूरा हुने भन्दै सजाय घटाइदिएको थियो । त्यसविरुद्ध सरकारले सर्वोच्चमा निवेदन दिएको थियो । न्यायाधीशहरु बमकुमार श्रेष्ठ, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको पूर्ण इजलासले आइतवार घटना घटाउँदा र त्यसपछि लाश लुकाउन गरेको क्रियाकलापबाट उक्त घटना सामान्य नभएको र भवितव्यसमेत नदेखिएको ठहर गरेको छ ।

पूर्ण इजलासले प्रधानन्यायाधीशको इजलासले गरेको फैसलामाथी पनि गम्भिर प्रश्नहरु उठाएको छ । साथै निवदेन पुनरावलोकन गर्नका लागि तीन वटा कारण समेत दिएको छ । कोइरालाले प्रहरीसँगको बयानमा कसुर सकारे पनि अदालतमा आएर कसुर इन्कार गरेको, उनले लास लुकाउन गरेको प्रयत्नबाट उक्त घटना सामान्य र भवितव्य मान्न मिल्ने नदेखिएको र सर्वोच्च अदालतकै नजिरहरू विपरीत फैसला भएको भन्दै कैद घटाउने फैसला पुनरावलोकन हुने इजलासले बताएको छ ।

‘प्रस्तुत विवादमा प्रतिवादी रन्जन कोइरालाले मौकामा सावित भई अदालतमा बयान गर्दा आरोपित कसुरलाई इन्कार गरी ब्यहोरा लेखाएको देखियो’, उक्त इजलासले भनेको छ,‘प्रस्तुत वारदात हेर्दा कोइरालाले घटना घटाउँदा र घटना भएपछि मृतकको लास लुकाउन गरेको क्रियाकलापबाट घटित बारदातलाई सामान्य अवस्थाको भन्न मिल्ने वा भवितव्य हो कि भनी मान्न मिल्ने अवस्थासमेत देखिदैंन ।’

कोइरालालाई मुलुकी ऐनको १८८ नम्बर बमोजिम सजाय घटाउन दिइएको राय सर्वोच्च अदालतले प्रतिपादन गरेका ४ वटा नजिरविपरीत रहेको उक्त इजलासले उल्लेख गरेको छ । मुलुकी ऐनको १८८ नम्बरमा प्रमाणले कर्तव्य गरी मारेको देखिए पनि भवितव्यले त्यस्तो हुन गएको न्यायाधीशको चित्तलाई लागेमा सजाय घटाइदिन सक्ने उल्लेख छ ।

‘उनलाई गरिएको जन्मकैदको फैसला चर्को पर्न जाने न्यायाधीशको राय पनि शान्ति विकविरूद्ध नेपाल सरकार, नेपाल सरकारविरूद्ध जुगत सदा, नेपाल सरकारविरूद्ध शेरबहादुर बस्नेतसमेत र केदार माझीविरूद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त प्रतिकूल पाइँदा उक्त फैसला पुनरावलोकन गर्न अनुमति दिइएको छ’, तीन न्यायाधीशको इजलासले भनेको छ ।

न्याय प्रशासन ऐन (दफा ११ को उपदफा २-ख) मा भएको ‘सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा’


**बाँकी पृष्ठ २**


# नेपालमा काम भारतमा घुस

■ सौर्य समाचार

काठमाडौं । संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा आइतवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखसहित पदाधिकारीसँग छलफल हुदै थियो । अख्तियारका कामकारवाही, विभिन्न घटनाका अनुसन्धान र स्टिङ अप्रेशनका विषयमा कुराकानी हुनेक्रममा अख्तियारका प्रमुअ आयुक्त नवीनकुमार घिमिरले सुनाएको एक विषयले सबैको ध्यान केन्द्रीत गर्यो ।

घिमिरेले अहिले स्थानीय तहमा भष्ट्रचार मौलाउदै गएको र रकम हात पार्ने शैली पनि परिवर्तन हुदै गएको घटना सुनाए । उनले भने,‘ अहिले हामीसँग एउटा वडाध्यक्षले समेत एक करोड बढिको भ्रष्टचार गरेको सूचना आउछ ।’ तर, त्यस्ता भ्रष्टहरुलाई समात्न हामीलाई कठिनाई भईरहेको छ । सबै सांसदले अचम्म माने, भ्रष्टचार भएको पनि भन्छन् र समात्न नसकेपनि भन्छन् ।

प्रमुख आयुक्त घिमिरेले सो विषयमा थप प्रष्ट पार्दै भने, भ्रष्टचारीहरुले रकम लिने शैली परिवर्तन गरेका छन् । कार्यालय, घर, रेष्टुरेन्टमा रकम लिँदा अख्तियारले समाउने उनिहरुलाई डर हुने गरेको देखियो । जसले गर्दा उनिहरु रकम लिन भारतसम्म पुग्ने गरेको खुलाए । काम नेपालमै गर्ने र लेनदेन गर्ने बेला भारतसम्म पुगेका घटनाहरु देखिन थालेको भन्दै चिन्ता व्यक्त गरे । साथै उनले अर्कैको नाममा बैंकमा रकम जम्मा गर्न लगाउने तरिका अपनाउने गरेको पनि सुनाए ।

प्रमुख आयुक्त घिमिरेले स्थानीय तहका जनप्रनिधिहरुको सम्पत्ति छानबिनमा आयोग सक्रिय रहेको जानकारी दिए । आयोगले गर्दै आएको स्टिङ अपरेशन जायज भएको पनि घिमिरेले बताए । ‘ कहिलेकाँही स्टिङ अपरशेनका क्रममा आयोग आफैले पैसा उपलब्ध गराउनुपर्ने अवस्था पनि आउँछ । तर पछिल्लो समय घुसियाहरुको संगठनले स्टिङ अपरेशन चलाउनु हुँदैन भनेर सर्वोच्चमा मुद्दा हालेका छन्’, घिमिरेले भने, ‘देशका वरिष्ठ कानूनविद्हरु अहिले त्यो मुद्दा लडिरहेका छन्। हामी फेस गरिरहेका छौं ।’

यसैगरी पदाधिकारीले निजी क्षेत्रको अनियमितता छानबिन आयोगको मातहत ल्याउन माग पनि गरेका छन् । समितिको बैठकमा उनीहरूले निजी वित्तीय क्षेत्रको अनुसन्धान तथा छानबिनको अधिकार


**बाँकी पृष्ठ २**


# ‘दैनिक १८,१६० परीक्षण गर्छौं’



■ सौर्य समाचार

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशमा दैनिक १८ हजार बढि रियल टाइम पिसिआर परीक्षण गर्ने क्षमतामा पुगेको जानकारी दिएको छ । हाल अधिकतम ६ हजार मात्र परीक्षण गर्ने क्षमता रहेको भन्दै त्यसलाई बढाएर १८ पुऱ्याइएको बताएको हो ।

विशेष गरी तराईका जिल्ला र बढि भिडभाड हुने क्षेत्रमा कोरोनाको जोखिम बढेको भन्दै चिन्ता व्यक्त भईरहेका बेला मन्त्रालयले परीक्षण बढाउने बताएको छ । मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले ‘आरएनए एक्ट्रयाक्सन’ (रि-एजेन्ट) मेसिन जडान गरेलगत्तै दैनिक पिसिआर मेसिनको परीक्षण बढ्ने बताएका हुन् । सरकारले अहिले सात वटा सो मेसिन खरिद गरेर गुणस्तर परीक्षण गरिरहेको छ । यसअघि यस्तो मेसिन काठमाडौंमा मात्रै रहेको थियो ।

‘ल्याबको क्षमता प्रतिदिन पछिल्लो महिनाको अधिकतम ६ हजार ३६० हो’, प्रवक्ता गौतमले भने, ‘११ वटा एक्ट्रयाक्सन मेसिनहरु जडान भएपछि जम्मा ८ हजार ८०० थप हुन सक्छ । नयाँ सरकारी, प्राइभेट ल्याबमा जम्मा तीन हजार परीक्षण गर्न सक्ने क्षमता छ ।’ उनले यसबाट देशभरीमा हालसम्म रियल टाइम पिसिआर गर्न सक्ने क्षमता सम्वन्धित प्रयोगशालाको रेकर्डबाट प्राप्त भएअनुसार जम्मा १८ हजार १६० रहेको बताए । निकट भविष्यमा दिनमै १८१६० पिसिआर परीक्षण गर्न सक्ने उनले जानकारी दिए ।

एक्ट्रयाक्सन’ सात वटा मेसिन प्रत्येक प्रदेशमा एक/एक वटा पठाइने भएको छ । जसमा धनगढी, सुर्खेत, नेपालगञ्ज, पोखरा, धुलिखेल, वीरगन्ज र विराटनगरलाई वितरण गरिने छ । अब यो मेसिनबाट उक्त प्रयोगशालाहरूले आफ्नो परीक्षण संख्या दोब्बर पुऱ्याउन सक्छन् ।

यो मेसिनले स्वाबमा भएको ‘आरएनए’ लाई छोटो समयमै आफैं छुट्याउने गर्छ । अहिलेसम्म प्रयोगशालाहरूमा यो काम प्राविधिकहरूले हातले नै गरिरहेका छन् । जसले गर्दा बढी समय लाग्ने र परीक्षण पनि कम भइरहेको छ । यो मेसिन अहिले देशभर रहेका प्रयोगशालाहरूमध्ये टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा मात्र छ । त्यसैले प्रयोगशालाले दैनिक १ हजार बढी स्वाबको


**बाँकी पृष्ठ २**


# गरे नहुने के रहेछ र ?

■ शुरबहादुर सिंह/रासस

कर्णाली । चैतेधान खेतमा लहलह झुल्दा वीरेन्द्रनगर नगरपालिका ११ सुर्खेतस्थित धुलियाबिटका कृषक दीपक ढकाल औधी मख्ख छन् । करिव ३२ वर्षपछि पहिलोपटक आफ्नै खेतमा लगाएको धान भित्र्याउन उनि आतुर पनि छन् । अविरल वर्षाले उनलाई धान भित्र्याउन अवरोध गरिरहेको छ ।

उनले आफ्नै एक बिघा जमीनमा गत चैत २८ गते धान रोपेका थिए । करिव १२० दिनमा विशेषगरी सुख्खायाममा पाक्ने हर्दिनाथ-३ जातको चैतेधान उनले महोत्तरीको जलेश्वरबाट ल्याएका थिए । करिव २८ वर्ष बजारमा विभिन्न पसल राखेर व्यवसाय गरेका उनले दूधवंशी कृषि फार्मका खोलेर रु ५० लाखको माछापोखरीसमेत उक्त स्थानमा निर्माण गरेका छन् ।

प्रतिघण्टा ३० हजार लिटर पानी दिनसक्ने डिपबोरिङ निर्माण गरी उक्त पोखरीमा अहिले सात लाख लिटर पानी जम्मा गरिएको छ । यसअघि प्रतिकेजी रु ३०० का दरले ४५ क्विन्टल माछा बिक्री वितरण गरिसकेका उनले यही बन्दाबन्दीकै समयमा तीन हजार भुरा माछापालन गरिएको जानकारी दिए ।

बजार व्यवसाय गरेर करिब दुई दर्जन नागरिकलाई रोजगारी दिएका उनले मध्यपश्चिम विश्वविद्यालयबाट ग्रामीण विकासमा स्नातकोत्तर गरेपछि कृषिकर्ममा लाग्ने उत्प्रेरणा मिलेको बताए । ‘जब मैले ग्रामीण विकास शिक्षा हासिल गरे, त्यसपछि मात्र बुझेँ, मानवजीवनको मुख्य बाँच्ने आधार भनेकै कृषि रहेछ’, उनले भने, ‘विश्वमा कृषिमा आत्मनिर्भर देशहरुले नै विकासमा फड्को मारेका छन् । त्यसर्थ राज्यले यो क्षेत्रलाई प्राथमिकता साथ माथि उठाउनुपर्छ ।’

कृषक ढकालले कृषिलाई मूल जीवन ठानेर पहिलोपटक आफैंले हर्दिनाथ-३ जातको चैतेधान खेती गरेको बताए । उनले अगाडि भने, ‘गरे नहुने के रहेछ र ? प्राविधिक सल्लाहबिना नै आफैंले जे होला होला भनेर बन्दाबन्दीमै शुरु गरेँ । बन्दाबन्दीमा अरुले क्षति व्यहोर्दा मैले राम्रो लाभ लिन पाएँ । आखिर राम्रै भयो । करिव ६० मुरी धान उत्पादन होला भन्ने अपेक्षा गरेको छु ।’



अब अगामी दिनमा यो खेतीलाई विस्तार गर्ने योजना बनाएको उनको भनाइ छ । उद्योग वाणिज्य संघ सुर्खेतको वाणिज्य उपाध्यक्षसमेत रहेका उनले विसं २०४८ देखि फेन्सी, कस्मेटिक, सिसा पसल गर्दै हाल हार्डवेयर व्यवसाय सञ्चालनमा ल्याए पनि कृषिलाई उद्यमसँग जोडेर अघि बढाउने उद्देश्य रहेको जनाए । उनका अनुसार कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा चैतेधान लहलह झुलेपछि आफूलाई मात्र नभई सबै किसानलाई यो खेती गर्न उत्साहित बनाएको छ । प्रदेश तथा यहाँका स्थानीय सरकारलाई चैतेधान खेती गर्ने किसानलाई विशेष अनुदान सहयोग गर्न उनले आग्रह गरे ।

सबै सरकारले कृषि क्षेत्रमा जोड दिन ग्रामीण विकास शिक्षा हासिल गरेको जनशक्तिलाई परिचालन गर्नुपर्नेमा उनको जोड थियो । कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले कृषक ढकालले गरेको चैतेधान खेतीको अवलोकन गरिन् । एउटा व्यक्तिले आफ्नै प्रयासमा गरेको काम निकै प्रशंसा गर्न लायक भएको मन्त्री केसीको भनाइ थियो ।

उनले यस व्यवसायलाई प्रवर्द्धन तथा विस्तार गर्न किसानलाई चैतेधानको बीउ वितरण गर्ने बताए । ‘यो धानको उत्पादनले कर्णाली प्रदेशको आत्मनिर्भरतामा सहयोग पुग्ने देखिन्छ’, उनले भने, ‘सुर्खेत, सल्यान, रुकुमपश्चिम, दैलेख र जाजरकोटको तल्लो भागमा यसको उत्पादनमा जोड दिने गरी सरकारले अब कार्यक्रम बनाउँछ ।’

# निगमले अर्को सातादेखि उद्धार उडान गर्ने

■ सौर्य समाचार




काठमाडौं । विदेशमा अलपत्र नेपालीको उद्धारका लागि जुलाई ३१ तारिखदेखि चौथो चरणको उद्धार उडान गरिने भएको छ । विदेशबाट नेपाली फर्काउन नेपालका तर्फबाट दुई नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले उद्धार उडान गर्ने भएका हुन् । निगमका प्रवक्ता अर्चना खड्काले छिट्टै उद्धार उडानको तालिका बनाइने जानकारी दिइन् । यसैबीच निगमको जुलाई २७ तारिखका लागि बैंगलौर-काठमाडौं उद्धार उडान दुई दिनपछि अर्थात् जुलाई २७ तारिखका लागि सारिएको विज्ञप्तिमार्फत जनाएको छ।

यसबाट यात्रुवर्गलाई पर्न गएको असुविधामा निगमले क्षमा मागेको छ । निगमका उद्धार उडान तालिका र भाडादर सम्बन्धि जानकारी चाहिएमा निगम कार्यालयमा फोन तथा वेवसाईटमा हेर्न पनि अनुरोध गरेको छ । यता हिमालयले पनि ३१ जुलाईमा चीनको कुनमिङमा चार्टर्ड उडान गर्ने जनाएको छ । थप उडानको यकिन भइनसकेको कम्पनीले उल्लेख गरेको छ । यसअघि उद्धार उडानका लागि नेपालका दुई तथा विभिन्न विदेशी एयरलाइन्सले चार्टर्ड उडान गरेका थिए । गत जुन ५ मा जजीरा एयरले पहिलो चार्टर्ड उडानमार्फत कुवेतबाट नेपाली ल्याएको थियो । यसपछि दुई नेपालीसहित विभिन्न मुलुकका एयरलाइन्सले चार्टर्ड उडान गरी नेपाली स्वदेश ल्याएका हुन् ।

नेपाल एयरलाइन्सले जुन ११ देखि उद्धार उडान गरेको थियो । दोस्रोपटक जुलाई १२ र तेस्रो पटक जुलाई २१ सम्म उडान गरेको थियो । हिमालयले जुन १६ देखि जुलाई १२ र जुलाई २१ सम्म उद्धारका लागि चार्टर्ड उडान भरेको थियो ।

सरकारले गत जेठ १६ गते तेस्रो मुलुकमा रहेका नेपाली नागरिकलाई प्राथमिकीकरण गरेर स्वदेश फर्काउने निर्णय गरेको थियो।

कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)कोनिर्णयअनुरुप विभिन्न चरणमा नेपाली स्वदेश फर्काइएको हो । अहिलेसम्म करिब ३५ हजार नेपाली स्वदेश फर्किसकेका छन्। सरकारले आगामी भदौ १ गतेदेखि आन्तरिक तथा अन्तरराष्ट्रिय व्यावसायिक उडान शुरु गर्ने निर्णय गरिसकेको छ । बन्दाबन्दीको झण्डै पाँच महिनापछि हुने नियमित उडान एक तिहाइ सङ्ख्यामा मात्रै हुने नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

सङ्क्रमणमुक्त हवाई यात्राका लागि सुरक्षा प्रोटोकल बनाएर सुरक्षित उडान गर्नुपर्ने भएकाले दुवैतर्फ थोरै सङ्ख्यामा उडान हुनेछ । कुन गन्तब्यमा कति उडान गर्नेभन्नेबारे प्राधिकरणले सरोकारवालासँग छलफल गरिरहेको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रियतर्फ दैनिक १५ र आन्तरिकतर्फ ४० देखि ५० सम्म उडान हुनसक्ने जनाइएको छ ।

# विश्व आमाबुबा दिवस मनाइयो

काठमाडौं । आइतवार विश्व आमाबुबा दिवस । आफ्ना आमाबुबाप्रति सम्मान जनाउँदै आइतवार विश्वभर आमाबुबा दिवस मनाइएको छ । यसदिन विश्वभर रहेका मानिसहरुले आफुलाई जन्म दिने आमाबुबालाई विशेष रुपमा सम्झने गर्छन् । आमाबुबा हुनेहरुले सँगै बसेर आदर सम्मान प्रकट गर्छन् भने नहुनेहरुले मठमन्दिरमा पुगेर पूजा आइतबारा गरी सम्झने गर्दछन् । आमाबुबा जन्म दिने मात्र नभएर कर्म दिने महान व्यक्तित्व पनि हुन् । त्यसैले छोराछोरी आमाबुबाका लागि जिम्मेवारी र कर्तव्य हुन् । तर पछिल्लो समय आफ्ना आमाबुबा बृद्ध भएपछि बेवास्ता गर्ने र बृद्धआश्रममा लगेर छोड्ने प्रवृति बढ्दै गएको छ । नेपालमा पनि यस्तो प्रचलन बढ्दै गएको छ । जसका कारण नेपालमा बृद्धआश्रमको संख्या बढ्दै गएको छ । आफ्ना छोराछोरी नभएका बृद्धबृद्धाहरुका लागि सरकारले आश्रमको उचित व्यवस्था गरी राख्नु उपयुक्त हुन्छ । तर कतिपय व्यक्तिहरुले विभिन्न दाताहरुमार्फत आर्थिक सहयोग संकलन गर्दै बृद्धआश्रम सञ्चालन गर्नुले भने समाजमा गलत प्रवृति निम्त्याउन सक्ने खतरा बढेको छ । *(सौस)*


## सुन्दरहरैँचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
१ नं. प्रदेश, नेपाल

### सुन्दरहरैँचा नगरपालिकाको आन्तरीक आय संकलन विज्ञापन कर ठेक्का सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७।०४।१२**

यस नगरपालिकाको आ.व. २०७७/०७८ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नु पर्ने भएकोले नगर क्षेत्र भित्रको विज्ञापन शुल्क असुली गर्ने कार्यका लागि सूचना प्रकाशन गरीएको छ । ईच्छुक फर्म, कम्पनी र व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगर कार्यपालिका कार्यालयको राजश्व उपशाखाबाट रु १०००।०० (अक्षरेपी रु एकहजार मात्र) को बोलपत्र फारम खरीद गरी सोको भोलिपल्ट दिनको १२ बजे भित्र तल उल्लेखित रकममा नघट्ने गरी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | ठेक्का नम्बर | ठेक्को नाम | क्षेत्र | ठेक्का रकम भ्याट समेत |
|---|---|---|---|---|
| १ | राजश्व १२/१०१ | सुन्दरहरैंचा नगरपालिकाको विज्ञापन कर संकलन | नगरपालिका क्षेत्र भित्र | २५००००।०० |

**शर्तहरू**
१. माथि उल्लेखित ठेक्क्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन ।
२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ ।
३. ठेक्का अबधि आर्थिक बर्ष २०७७।०७८ सम्म हुनेछ ।
४. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम, ठेकदारको नाम वा फर्म वा कम्पनीको नाम लेखि शिलबन्दि गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ ।
५. शिलबन्दि फारम पेश गर्दा व्यक्ति भए नागरीकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त पान नम्बरको प्रतिलीपी, आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, सुन्दरहरैंचा नगरपालिका क्षेत्रको फर्म भए यस नगरपालिकाबाट जारी गरीएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी यस नगरपालिकाका कार्यालयको कृषि विकास बैक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दि बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ ।
६. शिलबन्दि बोलपत्र, बोलपत्र दाखिला गर्ने दिन दिनको ठिक २ बजे पश्चात खोलिनेछ । तर बोलपत्र खरीद र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिम प्रक्रिया अगाडी बढाईनेछ ।
७. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
८. ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ । अग्रिम रकम नबुझाएमा बैक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ । अग्रिम रकम बुझाए बापत कुनै प्रकारको छुट दिने व्यवस्था छैन ।
९. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्मचत वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरीने छैन साथै ठेक्का अबधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन दिनु पर्नेछ । साथै कार्यालयले उपलब्ध गराएको दररेट भन्दा फरक हुने गरी शुल्क असुलि गरेको प्रमाणीत भएमा धरौटी रकम कट्टा गरी सम्बन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोर्याएमा कानून बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ ।
१०. ठेक्कासँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालयबाट प्रमाणीत गरी विज्ञापन कर संलन गर्नु पर्नेछ ।
११. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन ।
१२. एउटा व्यक्ति, कम्पनी वा फर्मले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन ।
१३. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारीक नियोग, कुटनैतिक निकाय लगायतका सार्वजनिक सरोकारका विषयमा राखिएका बिज्ञापनहरुको शुल्क असुल गर्न पाइने छैन ।
१४. यो सूचनामा उल्लेखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून र सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।


## दैनिक...

परीक्षण गर्दै आएको छ । यो मेसिन नभएका अन्य प्रयोगशालाहरूले अहिले दैनिक २ सय ५० जनाको परीक्षण गर्दै आएका छन् ।

**१३० संक्रमित थपिए**

देशभर १३० जनामा कोरोना भाइरस संक्रमण भएको छ । मन्त्रालयका अनुसार आइतवार थपिएसँगै कोरोना संक्रमितको संख्या कूल १८ हजार ६१३ पुगेको छ ।

मन्त्रालयका अनुसार हालसम्म सक्रिय संक्रमितको संख्या पाँच हजार ४४० रहेको छ । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार प्रदेश १ मा १८६, प्रदेश २ मा एक हजार ८७३, बाग्मती प्रदेशमा ४४४, गण्डकी प्रदेशमा २९४, प्रदेश ५ मा ३५८, कर्णाली प्रदेशमा ३६६ र सुदूरपश्चिम प्रदेशमा एक हजार ९१८ जना संक्रमित छन् ।

## नेपालमा...

जनाएका हुन् । 'बैंक, वित्तीय क्षेत्र, सहकारीमा हुने अनियमितताको छानबिन र अनुसन्धान अख्तियारले गर्न पाउनुपर्छ,' आयोगका सचिव सुरेश अधिकारीले भने ।

व्यक्तिगत सम्पत्तिको छानबिन गर्न अख्तियारले माग नगरेको तर्क गर्दै उनले भने, 'जनताको लगानी हुने क्षेत्र र त्यसमा हुने भ्रष्टाचारले जनताको लगानी खतरामा पर्ने भएकाले अख्तियारले छानबिन गर्न पाउनुपर्छ भनेका हौं ।' अख्तियारले निजी क्षेत्रमा प्रवेश पाउनुपर्ने सुझाव सरकारलाई दिइएका सचिव अधिकारीको भनाइ थियो । सरकारलाई दिइएका सुझाव प्रस्तुत गर्ने क्रममा निजी क्षेत्रलाई अख्तियारको क्षेत्राधिकारभित्र राख्नुपर्ने माग गरेको उनले जानकारी दिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक अहिले संसदमा विचाराधीन छ । उक्त विधेयकलाई राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले पारित गरेको छ जो विवादित बनेको थियो । उक्त विषयलाई लिएर सार्वजनिक रूपमा सरकार र अख्तियारको आलोचना भएको थियो । त्यसपछि सरकार र सत्तारूढ नेकपा पछि हटेर अख्तियारलाई निजी क्षेत्रमा प्रवेशको अधिकार बढाउने प्रावधान हटाउन लगाएका थिए ।

कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचारका लागि खरिद गरिएको स्वास्थ्य सामग्रीमा भएको अनियमितताबारे छानबिन भइरहेको प्रमुख आयुक्त नवीन घिमिरेले जानकारी दिएका छन् । स्वास्थ्य सामग्री खरिदको जिम्मा ओम्नी बिजनेस प्रालीलाई दिएको विषयमा अख्तियारमा उजुरी परेको र त्यसबारे विस्तृत छानबिन भइरहेको उनले जनाएका हुन् । उनले लकडाउनले गर्दा छानविनमा केही समस्या परिरहेपनि अहिले अवस्था त्यस्तो नभएकाले अनुसन्धान जारी रहेको बताए । सम्बन्धित पक्षलाई बोलाएर बयान लिने काम भईरहेको उनले जानकारी दिए ।

## घटना...

पुनरावलोकन हुने व्यवस्थाअनुसार सर्वोच्च अदालतले आफ्नो अघिल्लो फैसला पुनरावलोकन गर्ने भएको हो । अब कोइरालाको मुद्दा सर्वोच्च अदालतमा फेरी सुनुवाइ हुनेछ । फैसला पुनरावलोकन गर्ने आदेश दिने सर्वोच्च अदालतका तीन जना न्यायाधीशहरू श्रेष्ठ, ढुंगाना र रेग्मीले अब यो मुद्दामा सुनवाइ गर्नेछैनन् ।

त्यसैगरी सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, सुष्मालता माथेमा, तेजबहादुर केसी, पुरुषोत्तम भण्डारी, मनोजकुमार शर्मा, डा. आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लले पनि यो मुद्दा हेर्न मिल्दैन । यसको थप सुनुवाइ हुँदा यी १० बाहेकका न्यायाधीशले मात्रै कोइरालाको मुद्दा सुनुवाइ गर्नेछन् ।

असार १५ गते प्रधानन्यायाधीश राणा र न्यायाधीश केसीको इजलासले कोइरालालाई जन्मकैद चर्को पर्न जाने भन्दै साढे ११ वर्ष कैद सजाय घटाइ दिने फैसला गरेका थिए । महान्यायाधीवक्ता कार्यालयले उक्त फैसला त्रुटीपूर्ण भएको भन्दै

हुनुका आठ वटा आधार कारण देखाएको थियो ।

प्रधानन्यायाधीशले आफुमाथी महाअभियोगको कुरा उठेपछि आइतवार यसको सुनुवाईका लागि इजलास तोक्ने अभिलेखमा उल्लेख थियो । पुनरावलोकनको निवेदनमा सुनुवाइका लागि यति छिट्टै पेसी तोकिएको यो विरलै घटना हो । २०७२ साउन ११ गतेको संक्रमणकालीन न्यायसम्बन्धी पुनरावलोकनको निवेदन सर्वोच्च अदालतले पाँच वर्षपछि गत वैशाख १४ गते मात्रै टुंग्याएको थियो । तर यसपटक चौतर्फी आलोचना भएपछि प्रधानन्यायाधीश जबराले निवेदन दर्ता हुनासाथ तत्काल सुनुवाइको मिति तोकेर विवादलाई अवतरण गर्ने प्रयास गरेका हुन् । मुद्दाको पेसी तोक्ने अधिकार प्रधानन्यायाधीशमा हुन्छ ।

**सरिता गिरीको पक्षमा अन्तरिम आदेश दिन अस्विकार**

सर्वोच्च अदालतले सरिता गिरीको सांसद पद खारेज हुने गरी उनको पार्टीले गरेको निर्णयमा अन्तरिम आदेश जारी गर्न आवश्यक नरहेको आदेश गरेको छ । पार्टीको विधान र कानूनअनुसार नै उनलाई कारवाही गरिएको देखिएको भन्दै न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराईको इजलासले बाँकी विषयमा मुद्दाको निरुपणको क्रममा नै व्याख्या गरिने भनी आदेश गरेको हो ।

संविधान संशोधन प्रस्तावको पक्षमा आफ्नो पार्टी समाजवादी पार्टीले मतदान गर्न दिएको ह्विप उल्लंघन गरेको भन्दै गिरीलाई पार्टीले साधारण सदस्य नरहनेगरी कारवाही गरेको थियो । पार्टी सदस्य नरहेपछि उनी सांसदबाट पदमुक्त भएकी थिइन् । पार्टीले आफूलाई गरेको कारवाही विरुद्ध गिरी सर्वोच्च गएकी थिइन् ।

## सच्याइएको

सौर्य राष्ट्रिय दैनिक पत्रिमा प्रकाशित मिति २०७७/०३/२३ गते काठ लिलाम विक्री सम्बन्धी सूचना **श्री राम सामुदायिक वन उपभोक्ता समुह घोडाघोडी नगरपालिका-४, कैलाली**को सूचनामा सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## काठ लिलाम विक्रि सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/४/१२**

डडेल्धुरा नवदुर्गा गाउँपालिका ४ मा रहेको गिल्लेश्वरी सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७६/०७७ मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको A ग्रेडको २२१ गोलिया थानको परिमाण २६३२। ७४ क्यू.फिट काठ ग्रेड B को १४ थानको ६३। १७ क्यूफिट जम्मा २३५ गोलिया थानको २६९५।८२ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३ दिन भित्र बोलपत्र खरीद गरी चौथो दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## काठ लिलाम विक्रि सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/४/१२**

डडेल्धुरा भागेश्वर गाउँपालिका १ मा रहेको सरस्वती सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७६/०७७ मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको A ग्रेडको ५० गोलिया थानको परिमाण ७८९.९५ क्यू.फिट काठ ग्रेड B को १६० गोलिया थानको १४५५.६३ क्यूफिट जम्मा २१० गोलिया थानको २२४५.५८ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

ए.के. बुक्स एण्ड एजुकेशनल इन्टरप्राइजेज प्रा.लि को मिति २०७६।०६।२५ गतेका दिन सम्पन्न शेयरधनीको विशेष वैठकले नाम परिवर्तन गर्ने निर्णय गरेको छ । साविक कम्पनीको नाम परिवर्तन गरी ग्रिन लिफ प्रा.लि गरिएको छ । साविक कम्पनीको नाममा रहेको चल अचल सम्पति तथा तिर्नु व्योहोर्न पर्ने दायित्व अब ग्रिन लिफ प्रा.लि को जिम्मामा

## धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
१ नं. प्रदेश

### शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०४/१२**

यस कार्यालयबाट आ.व. २०७७/०७८ का लागि आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको कर दस्तूर असूली कार्य ठेक्का बन्दोबस्तद्वारा संकलन गर्नु पर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रहि दरभाउपत्र फारम धनपालथान गाउपालिकाको कार्यालय, सोराभाग मोरङबाट खरिद गर्न र १६औं दिन दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र दर्ता गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्युनतम अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४-०७७/७८ | मवेशी बिक्रि मूल्यको कर असूली | रु.९,०५, ५००।- | १०००।- | |
| २ | १५-०७७/७८ | कर्सिया हाट बट्टी कर असूली | रु.१४,५०,०००।- | १०००।- | |
| ३ | १६-०७७/७८ | तपसिल अनूसारका धनपालथान गा.पा. क्षेत्र भित्रका बाटोहरुमा पटके सवारी कर असुली<br>क) कदमाहा चोक उत्तर लोहन्द्रा धाट सम्मको सडक<br>ख) कदमाहा - नोचा सडक<br>ग) लक्ष्मीमार्ग सोराभाग सडकको कर्सिया बिपी चोक दक्षिण भारत सिमाना सम्मको सडक<br>घ) भलुवा चोक देखि डकूवा डाडा सडक<br>ङ) दादरबैरिया चोक देखि किसान प्रा.वि. हुँदै बालूघाट सम्म<br>च) दादरबैरिया भंगा पूलदेखि बबिया सम्मको सडक धनपालथान खण्ड<br>छ) कर्सीया पानी टंकी-बबियाबिर्ता खण्डको सडक<br>ज) शारदा स्कूल दक्षिण लखन्तरी सडक | रु.४,००,०००।- | ५००।- | |
| ४ | १७-०७७/७८ | दानाबती हाटको हाट बट्टी कर असूली धनपालथान-३ | रु.१,४१,५००।- | ५००।- | |
| ५ | १८-०७७/७८ | नोचा हटीयाको हाट बट्टी कर असूली धनपालथान-१ | रु.१५,१००।- | ३००।- | |
| ६ | १९-०७७/७८ | राजा धनपालथान हटीयाको हाट बट्टी कर असूली धनपालथान -७ | रु.२०,०००। | ३००।- | |
| ७ | २०-०७७/७८ | फूटानी चोक हटीयाको हाट बट्टी कर असूली धनपालथान-५ | रु.१०,१००।- | ३००।- | |
| ८ | २१-०७७/७८ | बिज्ञापन कर असूली | रु.५०,०००।- | ३००।- | |
| ९ | २२-०७७/७८ | मनोरन्जन कर असूली | रु.१५,०००।- | ३००।- | |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा. कार्यालय समय भित्र राजस्व शाखाबाट अथवा गा.पा. को वेवसाईट

# हरेक वर्ष मलखादमा कालोबजारी, किसान सधैँ मर्कामा




■ प्रिमेश शिवाकोटी

रौतहट । जिल्लामा अहिले रासायनिक मलको चरम अभाव भएको छ । धान रोपेका रौतहटका किसानहरू समयमै मल नपाउँदा उत्पादनमा ह्रास आउने चिन्तामा छन् । मलखाद नपाउनुको कारण मलमा हुने कालोबजारी रहेको चन्द्रपुर-७ का किसान गणेश बस्नेतले बताए । आवश्यक परेको समयमा कहिल्यै मलखाद नपाउने कारण हरेक वर्ष समस्या झेल्नु परेको उनको भनाइ छ । केही दिनअघि मात्र जिल्लामा मलखादको कालोबजारी हुनेगरेको रहस्य खुलेपछि बस्नेतको आरोप सही भएको प्रष्ट भएको छ ।

मलखाद कालोबजारी गरेको आरोपमा चन्द्रपुर नगरपालिकाभित्रका तीन वटा सहकारी संस्थामाथि मुद्दासमेत दायर भइसकेको छ । चन्द्रपुर नगरपालिका-१ बाग्मतीस्थित सिर्जनशील कृषि सहकारी संस्था लिमिटेड, बाग्मती वचत तथा ऋण सहकारी संस्थाका अध्यक्षविरुद्ध पक्राउ पुँर्जीसमेत जारी भइसकेको अवस्था छ भने उनीहरू सबै फरार रहेका छन् ।

यी तीन सहकारीमाथि छानबिन सुरु भएसँगै वर्षौंदेखि साधारणसभा नगर्ने सहकारी संस्थाले गरेको मलखादको कारोबारमाथिसमेत छानबिन हुनुपर्ने माग किसानहरूले गरेका छन् । चन्द्रपुर नगरपालिकाका २४ वटा सहकारी संस्थाले मलखादको कारोबार गरे पनि सेयर सदस्यप्रति अनुदार रहने चन्द्रपुर नगरपालिका भित्रका ११ वटा सहकारी संस्थाले गरेको मलखाद कारोबारको छानबिन हुनुपर्ने माग उठेको हो ।

वर्षौंदेखि साधारणसभा नगर्ने तर मलखादको कारोबार गर्नेमा श्री सृजनशील युवा कृषि सहकारी संस्था लिमिटेड पौराई, श्री सदाबहादर महिला कृषि सहकारी संस्था लिमिटेड जुडिबेला, श्री सामुदायिक बिउवृद्धि तथा कृषि विकास सहकारी संस्था लिमिटेड चन्द्रनिगाहपुर, श्री सनराइज कृषि सहकारी संस्था लिमिटेड चन्द्रनिगाहपुर, श्री जनजागरण कृषि सहकारी संस्था लिमिटेड चन्द्रनिगाहपुर, श्री अञ्जली कृषि सहकारी संस्था लिमिटेड चन्द्रनिगाहपुर, श्री सहकारी संस्था लिमिटेड सन्तपुर, श्री प्रगति कृषि तथा बिउवीजन सहकारी संस्था लिमिटेड सन्तपुर, श्री युवा स्वरोजगार कृषि सहकारी संस्था लिमिटेड डुमरिया, श्री सृजनशील कृषि सहकारी संस्था लिमिटेड डुमरिया, श्री सरस्वती कृषि सहकारी संस्था लिमिटेड डुमरिया रहेका छन् । ती सहकारी संस्थाले नेपाल सरकारको अनुदानको युरिया, डिएपी र पोटास खरिद गरी किसानलाई सहुलियत दरमा बिक्री गरेको भनिए पनि मल बिक्री वितरण प्रतिवेदनमा किसानको हस्ताक्षर नगरिकनै वडाध्यक्ष र नगरप्रमुखबाट प्रमाणित गरेकोसमेत खुलेको छ ।

गत आवमा कृषि सामग्री कम्पनी लिमिटेड चन्द्रनिगाहपुरबाट ती सहकारी संस्थाले खरिद गरेको मलको विषयमा छानबिन हुनुपर्ने स्थानीय भीम पौडेलले बताए ।

सहकारी संस्थाले लेखापरीक्षण गरेर वार्षिक रूपमा साधारणसभा अनिवार्य रूपमा गर्नपर्ने हुन्छ तर चन्द्रपुर नगरपालिकाभित्र रहेका दर्जनौं वचत तथा ऋण र कृषि सहकारी संस्थाले साधारणसभा नगरिकनै कारोबार गर्दै आए पनि नियमन निकायको कमजोरीको फाइदा ती सहकारी संस्थाका केही पदाधिकारीले उठाउँदै आर्थिक लाभ लिएर कालोबजारी गर्दै आएका छन् ।

# अकबरे खुर्सानीले किसानको जीवन उकास्दै



■ कृष्ण ओझा

पाँचथर । तेह्रथुम जिल्ला आठराई गाउँपालिका-५ निवासी चन्द्रप्रसाद तिवारीको अकबरे खोर्सानी खेतीले जीवन उकास्दै गएको छ ।

ग्यारेजको काम छाडेर अकबरे खेतीमा लागेको तिवारीले आठराईमा तीन रोपनी क्षेत्रफलमा अकबरे लगाएका छन् । उनले हप्तामा ३० केजी उत्पादन गरी बेचिरहेको बताए । उनले आफ्नो उत्पादन आठराई संग्रान्ति बजारका साथै फिदिम बजारमा बेच्ने गरेका बताए ।

फिदिम बजारमा बिहानै अकबरे खोर्सानी बेचिरहेका उनले वर्षको २ लाख ५० हजार बढी आम्दानी गर्ने गरेको बताए । अबबरेको आम्दानीबाट नै तिवारीले आठराईमै १२ रोपनी जग्गा जोडिसकेका छन् । त्यतिमात्र नभई घरमा कुटानी पिसानी मिल, मोटरसाइकलसमेत जोडेका उनले आफ्ना छोराछोरीलाई जिल्ला बाहिर पढाइरहेका छन् । सुरुमा अकबरेको भारी बोकेर फिदिम आएका उनी अहिले मोटरसाइकलमा हालेर बजार ल्याउँछन् । उनी भन्छन्, 'अर्गानिक खेतीबारे सचेतना तालिम पाएपछि यो पेसामा लागेको हुँ ।'

सौर्यकर्मीसँग उनले भने, 'आफ्नै गाउँमा प्रतिकेजी तीन सय रुपैयाँमा बिक्री हुन्छ, यहाँ फिदिम बजारमा ३ सय ५० रुपैयाँले बेच्दै छु । उपभोक्ताहरूले पनि रातो अकबरेलाई धेरै रुचाएकाले यस खेतीबाट आफू सन्तुष्टि छु ।' १७ वर्षदेखि यो व्यवसाय गरेका उनले यस पेसालाई निरन्तरता दिने बताउ । एकपल्टको टिपाइमा आठ हजार बराबरको बिक्री हुने गरेको बताउने उनको यो टिपाइ चौथो हो । 'बारीमा अकबरे अझ टिप्न बाँकीरहेको छ । यो साल झरी लागेर समस्या आउलाजस्तो छ', उनी पिर मान्दै अकबरे झोलामा भर्दै भन्दै थिए, 'नेपाल सरकारले कृषिमा अनुदान दिने भन्ने सुनेको छु, खुसी लागेको छ ।' उनले अझ आधुनिक तरिकाले अन्य कृषिजन्य बाली लगाउने उद्देश्यसमेत रहेको बताए ।

# मुग्लिन-नौबिसे सडकखण्ड क्षतविक्षत



■ सौर्य समाचार

चितवन । अविरल वर्षासँगै आएको बाढी र पहिराले पृथ्वीराजमार्गको मुग्लिन-नौबिसे सडकखण्ड क्षतविक्षत भएको छ । ९२ किलोमिटर लामो सो सडकखण्डमा दुई सयभन्दा बढी ठाउँमा पहिरो खसेको थियो । डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख ई. कृष्णराज अधिकारीका अनुसार सो सडकखण्डको जोगिमारा र धारापानीमा अझै सडक एकतर्फी मात्र सञ्चालनमा रहेको छ ।

सडक खण्डको मौवा खोलामा पुल र सडक जोड्ने भाग नै नदीले बगाएको थियो । ती सबै ठाउँको मर्मत सम्भार गरी शुक्रबारदेखि सवारी सञ्चालनमा ल्याइएको अधिकारीले जानकारी दिए । मौवा खोलामा यही ५ साउनमा सडक बगाएपछि सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको थियो ।

राजधानी प्रवेश गर्ने र बाहिरिने मुख्य नाका भएकाले चौतर्फी दबाब र सहयोगले सडक सञ्चालनमा ल्याए पनि वर्षात्ले निकै नोक्सान पुगेको अधिकारी बताउँछन् । उनले भने, '५० किमीजति ठाउँमा कालोपत्र बिग्रिएको छ । पहिरो खसेको, धसिएको ठाउँ, बगाएको सडक लगायतका क्षेत्रमा कालोपत्रमा नोक्सानी भएको छ ।'

छिट्टै सबै ठाउँमा सडक दुईतर्फी सञ्चालनमा आए पनि पूर्ववत् गर्न एक वर्ष लाग्ने उनको भनाइ छ । क्षतिको विवरण संकलन गरेर लगत अनुमान तयार गरी प्रक्रियामा अघि बढ्नुपर्ने भएकाले सबै काम गर्न समय लाग्ने अधिकारी बताउँछन् । सो सडक खण्ड विस्तारका लागि विश्व बैंकको सहयोगमा परियोजना अघि बढेकाले धेरै खर्च गर्ने पक्षमा सडक विभाग छैन ।

अधिकारीले भने, 'अत्यावश्यक काम मात्र हामी गर्छौं ।' सो सडकखण्डमा ६ देखि सात मिटर फराकिलो कालोपत्र रहेको छ । अधिकांश भाग एकातर्फ अग्लो पहाड र अर्कोतर्फ त्रिशूली नदी पर्दछ । यस्तै सोही कार्यालयले हेर्ने नारायणगढ-मुग्लिन सडकको चार किलो र १६ किलोमा पटकपटक पहिरो खस्दा समस्या हुने गरेको छ । दुई वर्षअघि सडक बिस्तार गरिएको भए पनि पहिरो रोक्ने काम गर्न नपाउँदै चार किलोमा पहिरो खसेको हो । दुवै ठाउँमा अझै दुईतर्फी सडक सञ्चालन हुन सकेका छैनन् ।

यस सडकखण्डमा पनि ठाउँठाउँमा साना पहिरो खस्दा क्षति पुगेको छ । सडकमाथिको डाँडामा ग्रामीण क्षेत्रमा बनाइएका बाटामा पानी एकीकृत भएर एकै ठाउँबाट खस्दा मूल सडकमा क्षति पुगेको अधिकारी बताउँछन् । यससँगै वर्षात् बढी भएकाले सडकमा नोक्सान गरेको

# आर्थिक अभावले वर्षदिनदेखि ओछ्यानमै

■ सौर्य समाचार

सल्यान । उपचार गर्न आर्थिक अभाव भएपछि सल्यानका झुपबहादुर बुढा वर्षदिनदेखि ओछ्यानमै थला परेका छन् । बनगाड कुपिण्डे-३ पट्केका १७ वर्षीय उनी आर्थिक अभाव भएपछि लडेर घाइते भएको एक वर्षसम्म पनि उपचार पाउन सकेका छैनन् ।

गएको १ साउनमा घर नजिकैको जंगलमा घाँस काट्ने क्रममा भिरबाट लडेर घाइते भएका झुपबहादुरको ढाड र दायाँ हात भाँचिएको थियो । तर, नेपालगञ्जमा लगेर उपचार गरे पनि आर्थिक अभावका कारण थप उपचार गर्न नसकेपछि झुपबहादुर जीवनमरणको दोसाँधमा रहेका छन् ।

ओछ्यानमै पल्टिएपछि अहिले हातखुट्टामा घाउ आउन थालेको झुपबहादुरका बुबा प्रेमबहादुर बुढाले बताए । 'अलिअलि भएको पैसा पहिले नै सकियो अब



उपचार गर्ने पैसा नभएर अस्पताल पुर्‍याउन सकेको छैन,' प्रेमबहादुरले भने । आर्थिक समस्या भएपछि अहिले ढाडमा समेत घाउ भएको प्रेमबहादुर बुढाले भने । 'अहिले त रड राखेको ठाउँमा समेत ठूलो घाउ हुन थालेको छ भएको पाँच लाख रुपैयाँ पहिले नै सकियो, छोरालाई बचाउन चाहान्छु तर उपचार गर्ने पैसा छैन, आँखाभरी आशु पार्दै प्रेमबहादुरले भने ।

शौचालयसम्म जान नसक्ने झुपबहादुर भने मान्छे देख्ने बित्तिकै आँखाभरी आँशु पार्न थाल्छन् । अहिले शरीरमा भएका घाउहरू मात्रै सन्चो भएपछि बाँच्ने आशा झपबहादुरले मारेका छैनन् । 'कसैले सहयोग गरे त बाँच्थेँ होला, घरमा पैसा नै छैन यही ओछ्यानमै जिन्दगी जाने भयो', झुपबहादुरले भने । एक वर्षदेखि ओछ्यान नछोडेको भए पनि बाँच्ने आशा भने अझै मारेका छैनन् झुपबहादुरले । 'सकेजति त बुबाले उपचार गर्नुभयो अब सम्पत्ती नै छैन मलाई बचाउनुस् म नयाँ जिन्दगी बाँच्न चाहान्छु,' रुँदै झुपबहादुले भने ।

छोराको दिनदिनै अवस्था दयनीय हुँदै गएपछि छोरालाई बचाइदिन सबैसँग प्रेमबहादुरले आग्रह गरेका छन् । आफूसँग भएको सबै सम्पत्ती नै सकिएकोले सबैले सहयोग गरेमा छोराले नयाँ जिन्दगी पाउने आशा रहेको प्रेम बहादुरको भनाइ छ ।

# इलाममा डेढ अर्ब फ्रिज

■ राम योङ्हाङ

इलाम । जिल्लामा आव ०७६/७७ मा १५ प्रतिशत अर्थात करिब डेढ अर्ब बजेट फ्रिज भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय इलामका अनुसार संघीय र प्रदेश सरकारबाट आएका १ अर्ब ४० करोड ८६ लाख ४५ हजार ६ सय ३२ रुपैयाँ फ्रिज भएको हो ।

जिल्लामा संघ र प्रदेश सरकारबाट ९ अर्ब ४४ करोड, २९ लाख ७६ हजार २ सय १३ रुपैयाँ आएको थियो । जसमध्ये ८ अर्ब ३ करोड ४३ लाख ३० हजार ५ सय ८१ रुपैयाँ मात्र खर्च भएको कोष नियन्त्रक कार्यालय इलामले जनाएको छ ।

चालुतर्फ ९५ प्रतिशत अर्थात् ६ अर्ब १५ करोड १४ लाख २२ हजार रुपैयाँ रकम खर्च भएको छ भने पुँजिगततर्फ ६२ प्रतिशत अर्थात १ अर्ब ८८ करोड २९ लाख ८ हजार ५ सय ७७ रुपैयाँ खर्च भएको छ ।

संघीय सरकारबाट प्राप्त बजेटको ८६ प्रतिशत रकम मात्रै खर्च भएको छ । चालुतर्फ ९७ प्रतिशत अर्थात ५ अर्ब ४३ करोड ७१ लाख ९८ हजार १ सय ४३ रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ ५५ प्रतिशत अर्थात १ अर्ब ९ करोड ११ लाख ७७ हजार ३ सय ८० रुपैयाँ मात्रै खर्च भएको छ । प्रदेश सरकारबाट प्राप्त बजेटको ७८ प्रतिशत रकम खर्च भएको छ । प्रदेश सरकारले १ अर्ब ९२ करोड ७९ लाख १४ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये १ अर्ब ५० करोड ५९ लाख ५५ हजार ५५ रुपैयाँ खर्च भएको छ । त्यसमा चालुतर्फ ८२ प्रतिशत अर्थात ७१ करोड ४२ लाख २३ हजार ८ सय ५७ रुपैयाँ र पुँजीगततर्फ ७४ प्रतिशत अर्थात ७९ करोड १७ लाख ३१ हजार १ सय ९७ रुपैयाँ खर्च भएको छ ।

अघिल्लो वर्ष संघीय सरकारको १४ प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत बजेट फिर्ता भएको थियो ।

**६१ करोड राजस्व संकलन**

कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रारम्भिक प्रतिवेदनअनुसार इलाममा आव ०७६/७७ मा ६१ करोड ८ हजार १ सय ९२ रुपैयाँ राजस्व संकलन भएको छ । जसमध्ये संघतर्फ ५६ करोड ६८ लाख ७२ हजार ४ सय ३ रुपैयाँ र प्रदेशतर्फ ४ करोड ३१ लाख ३५ हजार ७ सय ८८ रुपैयाँ राजस्व संकलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रारम्भिक तथ्यांकमा उल्लेख छ ।

अघिल्लो आव ०७५/७६ मा ४९ करोड ८४ लाख ३७ हजार १९ रुपैयाँ राजस्व संकलन भएको थियो । त्यसमा संघतर्फ ४४ करोड ७० लाख ९३ हजार ९ सय ६५ रुपैयाँ रकम र प्रदेशतर्फ ५ करोड १३ लाख ४३ हजार ५४ रुपैयाँ




राजस्व संकलन भएको थियो । कोरोना भाइरस (कोभिड-१९) को सम्भावित संक्रमणबाट बच्न सरकारले गरेको लक डाउनका कारण आर्थिक क्रियाकलाप प्रायः ठप्प हुँदासमेत जिल्लाको राजस्व संकलनमा वृद्धि भएको छ ।

संघतर्फ करदाता सेवा कार्यालयले सबैभन्दा बढी ३९ करोड ६७ लाख ७७ हजार ४ सय ८१ रुपैयाँ छ । जिल्ला प्रशासन कार्यालयले १ करोड ५९ लाख ८९ हजार ४ सय ३० रुपैयाँ, कोष तथा लेखा नियन्त्रण कार्यालयमा १० करोड ६१ लाख ५५ हजार ३ सय ९३ र भन्सार कार्यालमा १ करोड ४४ लाख ९ हजार ९ सय १ रुपैयाँ राजस्व संकलन भएको छ । यस्तै प्रदेशतर्फ यातायात व्यवस्था सेवा कार्यालय इलाममा ३ करोड २८ लाख २९ हजार ५३ रुपैयाँ, घरेलु तथा साना उद्योग विकास समितिमा ३९ लाख ४० हजार ५ सय रुपैयाँ, डिभिजन वन कार्यालयमा ४४ लाख २० हजार १ सय ९७ रुपैयाँ राजस्व संकलन छ ।

संघीय सरकार र प्रदेश सरकारका लागि इलामबाट ५० करोड ३० लाख २५ हजार ८ सय ८ रुपैयाँ राजस्व संकलन भएको छ ।

संघतर्फ ४५ करोड १६ लाख ८२ हजार ७ सय ६३ रुपैयाँ र प्रदेश सरकारका लागि ५ करोड १३ लाख ४३ हजार ४५ रुपैयाँ राजस्व संकलन भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

चिन्तन

**शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।**

–आचार्य चाणक्य

## सम्पादकीय

# पूर्वपञ्चहरूको रडाको

**एउटै छानामुनि अटाउने पूर्वपञ्चहरूको प्रयास 'भ्यागुताको धार्नी' बनिरहेको छ । पूर्वपञ्चहरूको पार्टी राप्रपा धेरै प्रयासपछि गत फागुनमा एकजुट भएको थियो, तर शनिबार फेरी पहिरो गएको छ । महामन्त्री (संस्थापक अध्यक्ष सूर्यबहादुर थापाका छोरा) सुनील थापा केन्द्रीय समितिका ३१ जनालाई लिएर पार्टीबाट बाहिरिएका छन् । उनको बहिर्गमन अर्थपूर्ण छ । यो बहिर्गमनले सूर्यबहादुर थापाको पञ्चायती लिगेसीको राजनीतिक विरासत समाप्त भएको टिप्पणी राप्रपाका अध्यक्ष कमल थापाले गरेका छन् । सुनील थापाले आफ्नो समूहको अलग पार्टी गठन गर्छन्, कि नेपाली कांग्रेसमा समाहित हुन्छन् ? भन्ने प्रश्नको एकिन उत्तर आइसकेको छैन । पञ्चायती राजनीतिको लामो कालखण्डलाई आफ्नो वरिपरि घुमाउन सफल रहेका चतुर नेता सूर्यबहादुर थापाको संयन्त्र अहिले पनि देशव्यापी बाँकी नै छ । यो संयन्त्रलाई प्रयोग गरेर आफ्नो राजनीति अघि बढाउने अभियानमा छोरा सुनील थापा जुटेका हुन् । तर, राप्रपाको एकता र विभाजन आकस्मिक घटना भने होइन, एकता र विभाजन धेरैपटक भइसकेका कारण अहिलेको घटनाले खासै चर्चा तथा जनचासो बटुल्न सकेको छैन ।**

**एउटै झण्डामुनि आवद्ध हुन पूर्वपञ्चहरूको प्रयास असफल हुनुमा मुख्य गरी दुई वटा कारण छन् । पहिलो कारण निर्दलीय चरित्र नै हो । पूर्वपञ्चहरूका राजनीतिक आधार दुई वटा थिए । एकथरीले आफ्नै बलबुतामा स्थापित भएर जनधरातल बनाएका थिए भने अर्काथरीले दरबारको कृपामा राजनीतिक पद प्राप्त गर्दै आएका थिए । दरबारको कृपामा राजनीतिक पद प्राप्त गर्दै आएकाहरू पञ्चायती व्यवस्था ढल्नासाथ समाप्त भए । आफ्नै बलबुतामा जनधरातल बनाएकाहरूले भने अहिलेसम्म आफ्नो अस्तित्व जोगाउँदै आएका छन् । आफ्नो अस्तित्व जोगाउँदै आएकाहरूमा पनि राजसंस्थालाई हेर्ने दृष्टिकोणमा एकरूपता छैन । यसैकारण ०४७ जेठ १५ मा एउटै नामका दुई वटा राप्रपा निर्वाचन आयोगमा दर्ता भएका थिए । एउटा खेमाको नेतृत्व सूर्यबहादुर थापाले गरेका थिए भने अर्को खेमाको नेतृत्व लोकेन्द्रबहादुर चन्दले गरेका थिए । त्यतिवेला चन्दले नेतृत्व गरेको खेमाले सक्रिय राजतन्त्रको पक्ष लिएको थियो भने थापाले नेतृत्व गरेको खेमाले संवैधानिक राजसंस्थाको पक्ष लिएको थियो । यतिवेला मुलुकबाट राजतन्त्रको अन्त्य भइसकेको छ । पूर्वपञ्चहरू पनि एकथरी गणतन्त्रलाई स्वीकार गर्ने पक्षमा छन् भने अर्काथरी राजतन्त्र पुनर्वहालीको पक्षमा छन् । गणतन्त्र स्वीकार गर्ने पक्षको नेतृत्व गरेका सुनील थापा पार्टीबाट अलग भएका छन् । थापाको बहिर्गनसँगै अब राजतन्त्र पुनर्वहालीको एजेन्डामा राप्रपाभित्र विवाद बाँकी रहेन ।**

**व्यक्तिगत आधारमा जनधरातल बनाएका नेताहरू आवद्ध पार्टी भएकै कारण राप्रपाको अवस्था समय बित्दै जाँदा खस्कँदै गएको छ । ३० वर्षको कालखण्डमा धेरै नेता दिवंगत भइसके । कैयौँ नेता उमेरका कारण निष्क्रिय भइसकेका छन् । नयाँ नेता स्थापित हुनसकेका छैनन् । पुरानो पात झर्दै जाँदा र नयाँ पात नपलाउँदा बोट विरुवाको हालत के हुन्छ ? त्यस्तै अवस्थामा राप्रपा गुज्रेको छ । त्यसैले जीर्ण भइसकेको डुंगा नडुब्दै भरपर्दो डुंगामा प्रवेश गरिहाल्ने रणनीति सुनील थापाले अपनाएका हुन सक्छन् । कुनै प्रतिकूल अवस्था उत्पन्न भएन भने उनको समूह केहीदिनमै नेपाली कांग्रेस प्रवेश गर्नेछ । नेपाली कांग्रेसमा यसअघि नै प्रवेश गरेका पूर्वपञ्चनेताहरू राजनीतिमा स्थापित भइसकेका छन् । उदाहरणका लागि राप्रपाका संस्थापक महामन्त्री एवं प्रवक्ता नेपाली कांग्रेसको निर्णायक हैसियतमा पुगेको धेरै वर्ष भइसकेको छ । यसैगरी केशवकुमार बुढाथोकी, सूर्यमान गुरुङ, बेनुपराज प्रसाईं, शरतसिंह भण्डारी लगायतका दर्जनौँ पञ्च नेताहरू नेपाली कांग्रेसमार्फत पटकपटक मन्त्री भइसकेका छन् । सुनील थापा पनि नेपाली कांग्रेसमा त्यो हैसियत राख्ने नेता हुन् । पहिलो कुरा त नेपाली कांग्रेसको धनकुटा जिल्लाको फिल्ड सुनील थापाका लागि खाली छ । दोस्रो कुरा आफ्ना पिताले निर्माण गरेका कैयौँ कार्यकर्ताहरू पहिलेदेखि नै नेपाली कांग्रेसमा स्थापित भइसकेको अवस्थाको लाभ सुनील थापाले लिन सक्छन् । अस्तित्व जोगाउनै नसकिरहेको पार्टीमा बसेर प्रतिगामी एजेन्डामा काँध नहाल्ने थापाको निर्णयले कस्तो परिणाम देला ? हेर्न बाँकी छ ।**

# सुशासनका लागि बैंक तथा वित्तीय संस्थाको मर्जर



नरेन्द्रप्रसाद छत्कुली

बैंक तथा वित्तीय संस्थामा संस्थागत सुशासन भन्नाले नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको ई.प्रा. निर्देशन नं.६ मा भएको व्यवस्थालाई लिनुपर्ने हुन्छ । जसअनुसार सञ्चालकले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था, सञ्चालकरसञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व, कार्यकारी प्रमुखको नियुक्तीसम्बन्धी व्यवस्था, कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था, आन्तरिक समिति उपसमितिसम्बन्धी व्यवस्था, सञ्चालक, संस्थापक प्रमुख कार्यकारी अधिकृत, सेयरधनी, धितो मूल्याकंनकर्ता, लेखापरीक्षक, कानुनी सल्लाहकार, कर्मचारी एवं निजसँग सम्बन्धित फर्मलाई कर्जा प्रदान गर्न बन्देजसम्बन्धी व्यवस्था, आचारसंहिता तथा सुशासनसम्बन्धी व्यवस्था, स्वघोषणासम्बन्धी व्यवस्था र सम्पत्ति विवरणसम्बन्धी व्यवस्था रहेका छन् । उपरोक्त निर्देशन एउटा गाइडलाइन मात्र भएकोले सुशासनजस्ता कुराहरूमा आत्मसम्मान तथा स्वनियमनको आधारमा हुनुपर्ने हो तर यहाँ निर्देशित गर्दासमेत पालना हुन नसकेको व्यहोरा जगजाहेर छ ।

बैंक तथा वित्तीय संस्था एउटा आर्थिक कारोबार हुने संवेदनशील संस्था हो । यसमा विभिन्न संघ, संस्था तथा व्यक्तिहरूबाट आफ्नो स्वपुँजीको कैयौँ गुणा बढी वित्तीय स्रोत संकलन गरी ट्रष्टिको रूपमा कार्य गर्ने वित्तीय संस्था भएकोले यसको संस्थागत सुशासनलाई कसैले पनि नजरअन्दाज गरी आफ्नो प्राइभेट फर्म चलाएकोजस्तो गरिनु उचित होइन । यसमा प्रत्यक्ष संलग्न हुने सम्वद्ध सबै पक्षको इमानदारी, पारदर्शिता, जवाफदेहिता, आर्थिक र नैतिक आचरण र अनुशासनजस्ता कुराहरू अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । अलिकति पनि अविश्वास पैदा भएमा संस्था नै धराशायी बन्ने निश्चित छ । नेपालमा संस्थापित व्यापारिक फर्म, संस्था, कम्पनीहरू मध्ये सबैभन्दा बढी सुशासन बैंक तथा वित्तीय संस्थामा नै रहेको अनुमान गरिन्छ । जसको प्रमुख कारण वित्तीय स्रोत परिचालनको केन्द्र, आर्थिक संवेदनशीलता र खास गरी नेपाल राष्ट्र बैंकको प्रत्यक्ष र कडा अनुगमन, निरीक्षण तथा निर्देशनको कारण मान्न सकिन्छ । यद्यपि यो भनाइ तुलनात्मक हिसाबले सही ठहरिए पनि संस्थागत सुशासनको मान्य सिद्धान्त र जनअपेक्षित छ भन्ने कुरामा भने केही एकाध संस्थाहरू बाहेक अधिकांश बैंक, वित्तीय संस्थाहरूमा शंकारहित ढंगले विश्वास गर्न भने अवस्था अझ आइसकेको छैन । अझ खरो रूपमा भन्ने हो भने नाम मात्रको संस्थागत सुशासन रहेको छ भन्ने कुरामा कुनै संकोच मान्नु पर्दैन ।

कर्मचारी भर्ना एवं नियुक्ती, सरुवा, बढुवाजस्ता विषयहरूमा चरम बेथितिको कारण मूलधारबाट बाहिर रहेका कर्मचारीहरूमा चरम नैराश्यता, लापरबाही, आर्थिक अनुशासनहीनतासमेत बढ्दै गएको पाइन्छ । जसको कारण निक्षेपकर्ताको निक्षेप फिर्ताको संकट, दोस्रो बजारमा लगानिकर्ताको अविश्वास, राष्ट्र बैंकको नियमन निरीक्षणमा प्रश्न र समग्रमा आर्थिक अनुशासनहीनता बढ्ने क्रममा रहेको देखिन्छ ।

**अबको बाटो**

हाल रहेका विकास बैंक र फाइनान्स कम्पनीको हकमा नेपाल राष्ट्र बैंकबाट नियमित र सुक्ष्म अनुगमन तथा निरीक्षण गर्दा प्रतिस्पर्धाको हिसाबले थप मर्जर एवं प्राप्तिको आवश्यकता देखिँदैन । यद्यपि यी संस्थाहरूको संस्थागत सुशासनमा भने कडा निगरानी अपरिहार्य रहेको छ । विद्यमान २८ वटा वाणिज्य बैंक र ७१ वटा लघुवित्त संस्थाहरू मध्ये तुलानात्मक रूपमा केही हदसम्म भए पनि संस्थागत सुशान कायम राख्न क्रमशः चाररपाँच वटालाई छोडेर अन्य बैंक, लघुवित्त संस्थाहरूको हकमा देहायको आधारमा फोर्सफूल अर्थात बाध्यकारी मर्जरमा पठाउन अपरिहार्य भइसकेको छ ।

क) क्रस होल्डिडको हिसाबले :( जुन संस्थामा एकै संस्था, व्यक्ति, परिवार तथा निजहरूको वित्तीय स्वार्थ रहेको फर्म कम्पनीको सेयर छ तिनीहरूको म्याजुरिटीको आधारमा बाध्यकारी मर्जरमा पठाउन आवश्यक देखिन्छ ।

ख) कार्यक्षमताको अभावको हिसाबले :( जुनजुन संस्थाले विगत तीन/चार वर्षदेखि औषतभन्दा कम प्रतिफल प्राप्त हासिल गरी लाभांश दिने गरेका छन् र अस्तित्वको नाममा जुँगाको लडाइँ गरी संस्थालाई आफ्नो वपौती ठान्ने गरेका छन् तिनीहरूलाई छानीछानी बाध्यकारी मर्जर वा प्राप्तिमा पठाउन आवश्यक छ ।

ग) संस्थागत सुशासनको हिसाबले :( कतिपय बैंकका नेतृत्वतहहरूबाटै नियमन निकायको निर्देशनलाई पहुँच र शक्तिको आडमा त्यसको पालना नगरी उल्टै त्यस्ता निर्देशन रातारात उल्टाई नियमन निकायलाई पंगु सावित गर्ने र कानुनको बर्खिलाप नै हुनेगरी अर्को निर्देशन एवं परिपत्र जारी गर्न बाध्य बनाउनेजस्ता नेतृत्वकर्ता संस्थाहरूलाई समेत बाध्यकारी मर्जरमा पठाउन आवश्यक छ ।

घ) कर्जा र निक्षेपको अंश बेमेलको हिसाबले : (त्यस्ता संस्थाहरू जसले क्षणिक मुनाफाको लोभमा अनुत्पादक क्षेत्रमा संस्थागत कर्जा लगानी बढाएको र अस्थिर संस्थागत निक्षेपमा परनिर्भर रहेकाहरू जुनसुकै वेला वित्तीय संकटमा पर्न सक्ने भएकोले ती संस्थाहरू समेत बाध्यकारी मर्जरमा पठाउन आवश्यक देखिन्छ ।

ङ) नाम, शानर फरक उद्देश्यले सञ्चालित संस्थाको हिसाबले :( जुन संस्थाका प्रमुख लगानीकर्ताहरूले आफ्नो अन्य व्यापारलाई टेवा पुग्ने, गैरकानुनी धनलाई बैध बनाउने उद्देश्यले सञ्चालित तर आफ्नो वर्चस्व कायम राखी परिवारवादलाई जोड दिई संस्थागत सुशासनको खिल्ली उडाउने संस्थाहरू समेत बाध्यकारी मर्जरमा लान आवश्यक छ ।

च) नियमन निकायका पदाधिकारीहरूको अप्रत्यक्ष लगानीको हिसाबले :( कतिपय विकास बैंक, फाइनान्स कम्पनी र लघुवित्त संस्थाहरूमा नियमन निकायका पदाधिकारीहरूको अप्रत्यक्ष लगानी भई बेनिफिसियल ओनरको रूपमा रहेका छन् ती संस्थाहरूमा कुनै न कुनै रूपमा तिनीहरूको हस्तक्षेप कायम नै रहेको र रहने हुँदा त्यस्ता संस्थाहरूको छनोट गरी बाध्यकारी मर्जरमा पठाउन आवश्यक देखिन्छ ।

छ) क्षेत्रीयस्तरमा सञ्चालित संस्थाको हिसाबले :( कतिपय लघुवित्त संस्थाहरू क्षेत्रीयस्तरमा खुलेका तर पुँजि व्यवस्थापन, आर्थिक अपारदर्शिता र कमजोर कार्यसम्पादन ठहरिएका लघुवित्त संस्थाहरूलाई क्षेत्रगत हिसाबले एकीकरण गर्न जरुरी देखिन्छ ।

ज) निष्कृय कर्जा बढी भएको हिसाबले :( जुन संस्थामा औषतभन्दा बढी निष्कृय कर्जा छ र वित्त व्यवस्थापनको हिसाबले टिक्न कठिन भएका संस्थाहरूलाई समेत बाध्यकारी मर्जरमा लान आवश्यक देखिन्छ ।

**व्यवस्थापन सम्झौता** : व्यापारी र बैंकर छुट्याउनुपर्ने आवश्यकतालगायत बैंकमा संस्थागत सुशासन कायम राख्न हालका अर्थमन्त्री माननीय श्री युवराज खतिवडाज्यू गभर्नर हुँदा अर्थात हालका गभर्नर श्री महाप्रसाद अधिकारीज्यू डेपुटी गभर्नर हुँदादेखि नै उहाँहरूको प्रयत्न रहेको र केही कदमहरू उहाँहरूकै कार्यकालमा र तत्पश्चात पनि अगाडि बढ्दै गएको पाइन्छ । उदाहरणका लागि सञ्चालकहरूको संख्या कम गर्ने गरी ऐन परिवर्तनको सिफारिस गरी कार्यान्वयनमा आउनु, सञ्चालकहरूले व्यापारिक तथा व्यक्तिगत प्रयोजनका लागि कर्जा लिनमा बन्देज लगाउनु, संस्थापक सेयर धितोको सीमा तोक्नु, बैंक, वित्तीय संस्थामा सेयर होल्डिङको सीमा तोक्नु, एकभन्दा बढी बित्तीय संस्थामा सञ्चालक हुन नपाउने व्यवस्था गर्नु, एउटा संस्थामा एकै परिवारको एक जनाभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था गर्नु, आव समाप्त भएको ३५ दिनभित्र सम्पत्ति तथा कर्जाको विवरण पेस गर्नुपर्ने, अध्यक्ष तथा सञ्चालक कार्यकारी हुन नपाउने, सञ्चालकहरूले बैंकको दैनिक कामकारवाहीमा हस्तक्षेप गर्न नपाउनेजस्ता विभिन्न सर्तहरू रहेका छन् । यद्यपि ती सबै सर्तहरू सबै संस्थामा पूर्णरूपमा पालना भएको छ भन्न सकिने अवस्था छैनन् ।

उपरोक्त व्यवस्थाहरू हुँदाहुँदै पनि हाल प्रायः सबै बैंक, वित्तीय संस्थाहरूमा सीमित व्यापारीको नै हालिमुहालि रहेकोले संस्थागत सुशासनको खिल्ली उडिरहेको पाइन्छ । यसर्थ व्यापारीले लगानी मात्र गर्ने र दैनिक व्यवस्थापन तथा प्रशासन सञ्चालनमा लगानिकर्ता तथा सञ्चालक समितिबाट अहस्तक्षेपकारी भूमिका निर्वाह गर्ने गरी स्वतन्त्र व्यवस्थापनको जिम्मा व्यावसायिक व्यक्तिरसमूहलाई दिनुपर्ने देखिन्छ ।

साथै व्यवस्थापनको जिम्मा लिने व्यक्ति वा टिमले पनि निश्चित प्रतिफलको सुनिश्चित गर्ने र सो भन्दा बढी मुनाफा हुँदा थप प्रतिफलको हिस्सेदार बन्न पाउने गरी संस्थागत सुशासन, व्यावसायिक आचरण, पेसागत मर्यादा, वित्त व्यवस्थापनको अनुभव र राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याती कमाएका व्यक्ति, समूह वा संस्थालाई व्यवस्थापनको जिम्मा दिने र व्यापारीले आफ्नो अनुभव, सीप र क्षमता अनुसारको व्यापार व्यवसाय गर्ने गरी प्रोफेसनल व्यक्तिरसमूहले मात्र बैंक सञ्चालन गर्नु आजको अपरिहार्य आवश्यकता देखिन्छ । जसरी विगतमा नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकलाई व्यवस्थापनको जिम्मेवारी दिँदा उक्त संस्थाको जुनि फेरिएको उदाहरणबाट पाठ सिक्दै हाल निजी क्षेत्रमा सञ्चालित अधिकांश वाणिज्य बैंक तथा लघुवित्त संस्थाहरूलाई पहिलो सर्त मर्जर तथा प्राप्तिबाट संस्थाको संख्या कम गर्ने र दोस्रो सर्त व्यवस्थापन सम्झौता भएकोले उक्त कदम अगाडि बढाउन ढिलो गर्न नहुने देखिन्छ । साथै व्यवस्थापन सम्झौताका लागि नेपाल राष्ट्र बैंकबाट स्पष्ट मार्ग निर्देशन र नियमित नियमन र निरीक्षण अपरिहार्य छ ।

त्यसैगरी व्यवस्थापन सम्झौताले व्यापारिक मानसिकताभन्दा व्यावसायिक मानसिकताबाट संस्था सञ्चालन हुने, संस्थागत सुशासनमा सम्झौता नहुने, सक्षम व्यवस्थापन टिमले राम्रो दक्षता देखाउन पाउने र उसको शाखः बढ्ने, यस प्रकारको व्यवस्थापन सम्झौताबाट पारदर्शी ढंगले काम हुने, कर्मचारीहरूको सेवा ग्यारेन्टी हुने हुँदा सेवा परिवर्तनको सम्भावना कम हुने र अन्ततः बैंक, वित्तीय संस्थाको स्थायित्वबाट देशको समग्र आर्थिक समृद्धिमा ठूलो टेवा पुग्ने कुरा निश्चित छ । साथै अन्य सार्वजनिक र व्यापारिक संस्थामा समेत यस प्रकारको व्यवस्थापन सम्झौताको प्रचलन बढ्दै गई व्यावसायिकता र संस्थागत सुशासनको जग बलियो भई व्यापारिक र आर्थिक वातावरण प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

*(लेखक अधिवक्ता एवं निवर्तमान बैंकर हुन्)*

# १३ वर्षको नमीठो ट्रेकिङ अनुभव !



निनाम कुलुङ 'मंगले'

चिनजान र सम्पर्क बढ्दै गएपछि ट्रेकिङ क्षेत्रमा बिस्तारै मेरो उन्नति/प्रगति हुँदै गयो । त्यसैले भरियाबाट स्पेर (पर्यटकलाई बिहान बेलुका खुवाउनका लागि चाहिने खाद्यान्नहरू) किचन ब्वाई (खाना पकाउन चाहिने भाँडाकुँडा बोक्ने), शेर्पा (पाल टाँग्ने, पर्यटकसँग हिँड्ने र राती चोरले पाल काटेर पर्यटकको क्यामरालगायत बहुमूल्य सरसामान चोरेर नलाइजाओस भनेर पालो गरेर पहरा बस्ने) कुक हुँदै ०६२ सालमा औपचारिक रूपमा तालिम गरेर (सरदार) गाइडसम्म भइयो । यसै क्रममा सन् २००८ को अक्टोबर सिजन मेरो जीवनको ट्रेकिङ अवधिभरिकै (हालसम्मकै) तीतो र नमीठो अनुभव थियो । सो वर्षको अक्टोबर सिजनमा ठमेलस्थित एक ट्रेकिङ एजेन्सीबाट एक जना महिला पर्यटक लिएर टी हाउस (होटलमै खाने होटलमै बस्ने) लाङटाङ-गोसाइँकुण्ड-हेलम्बु ट्रेक गएको थिएँ ।

सो ट्रेक महेश बुढामगरजी (जो ०५५/५६ देखिका मेरा अनन्य मित्र पनि हुन् भने, हाल उनको 'जोय ट्रेक्स' नामक एजेन्सी छ) ले फोनमार्फत ट्रेकिङ जानुपऱ्यो भनी आग्रह गरे । नयाँ ट्रेकिङ एजेन्सीबाट जाने निधो गरेर ठमेलस्थित काठमाडौं गेस्ट हाउस नजिक हान्निएँ । दसैं चाडले गर्दा बसको सिट प्याकाप्याक थियो । टिकट लिएर अफिस आउँदा मसँग ट्रेक जाने खैरेनी (ट्रेकिङ क्षेत्रमा गोरो छाला भएको पर्यटकहरूलाई अक्सर खैरे-खैरेनी भन्ने चलन छ) पनि आइसकेकी रहिछन् । उनको नाम रहेछ 'न्यान्सी, देश रहेछ नेदरल्यान्ड अर्थात् हल्यान्ड ।' सामान्य चिनजानपछि हामी छुट्यौँ ।

बिहानै बालाजुस्थित माछापोखरीतर्फ हान्नियौँ । ककनी काटेर ओरालो नपुग्दै गाडीको स्प्रिङ भाँचियो । स्टाफले लगभग आधा घण्टा लगाएर नयाँ स्प्रिङ फिट गरे । खाना खान त्रिशुली पुऱ्यायो । ग्राङ पुग्दा पानी पर्लाजस्तो भयो । ग्राङमा गाडी परिवर्तन गरेर २०/२५ मिनेट पैदल हिँड्नु पर्ने । अर्को बस चढेर जसोतसो धुन्चे पुग्यौँ । किनभने, दुई वटा रिजर्भ बसको यात्रुहरू अटी-नअटी एउटै बसमा यात्रारत थियौँ । कोही छतमा, कोही ढोकामा झुन्डिएर धुन्चे पुग्यौँ । भोलिपल्टदेखि पैदल यात्रा सुरु भयो । ठूलो भार्कु, ब्राबल हुँदै ठूलो स्याब्रु पुग्यौँ । ठूलो स्याब्रुबाट लामा होटल लन्च-क्याम्प नै पुग्यौँ । अग्रिम सल्लाहअनुसार लामा होटलबाट दुई क्याम्प खापेर (लाङटाङ नबसी) क्यान्जिन गुम्बा पुग्यौँ । भाग्यले भनौँ वा संजोगले मौसम राम्रो भएकोले बिहानै 'क्यान्जिन री' बाट पूरा हिमाललगायत टाढा क्षितिजका अन्य दृश्यहरू पनि छर्लंग देखियो । खैरेनीले साह्रै गर्व गरिन् । अत्यन्तै खुसी भइन् । फर्केर लाङटाङ आयौँ । यिनको अचम्मको बानी के भने बिहान, बेलुकै नुहाउनुपर्ने । त्यो वेला होटलको मेनुमा नुहाएको (हट सावर गरेको) सय रुपैयाँ भएता पनि मैंले कुनै पनि होटललाई नुहाए वापतको पैसा लिन दिइनँ । त्यति मात्रै होइन, सुतेको (कोठाको) पनि मेनुमा १५०/२०० रुपैयाँ भए तापनि ५०/१०० रुपैयाँभन्दा बढी लिन दिइनँ । सुरुमा साह्रै मिजासिलो र दयालुझैँ लाग्थिन्, उनी । किनभने, हरेक दिन मार्स बार, स्निकरलगायत चकलेट किनेर दिन्थिन् । मलाई भने, किन बित्थामा बढी खर्च गराउनुजस्तो लाग्थ्यो । त्यसैले प्रायः नो थ्याङ्क्यु ! भनेरै टार्थें । होटलवाला साहु-साहुनीहरू खैरेनीले खाभन्दा पनि किन नखाएको ? हाम्रो व्यापार त हुन्थ्यो ! भनी रिसाउँथे, पनि ।

हामी गोसाइँकुण्डबाट पास गरेर ठाडेपाटी (रसुवा-नुवाकोट काटेर सिन्धुपाल्चोक जिल्ला) वास बस्न आइपुग्यौँ । त्यहाँ जहिले पानीको साह्रै दुःख हुने गर्छ । (अहिले पानीको राम्रो व्यवस्था भयो कि !) तै पनि मैंले त्यहाँ ' बकेट सावर' (एक बाल्टी तातो पानी) को व्यवस्था गरिदिएँ । तर 'गुनले गुन खान्छ, तँलाई म खान्छु' भने झैँ उनलाई जसरी हुन्छ, निहुँ खोज्नुरहेछ, नुहाउन छाडेर उनी सुतीछन् । अरू पर्यटकहरूले खाना खाइसके उनी आउँदिनन् । उठाउन गएको उठ्दिनन् । जति ढोका ढक्ढक्याए पनि बोल्दिनन् । दुईचोटि उठाउन गएँ । ढोका ढकढक्याएँ, उनी न त केही बोल्छिन्, न त उठ्छिन् । पछि होटल साहुनी गएर ढकढक्याउँदा भने, 'नो थ्यांक यु' सम्म भनिछे । तर, अच्चमै भो ! बिहान उज्यालो हुन पाएको छैन । अर्को ठाउँ सर्ने भनी झोला बोकेर हिँडी । झोला बोक्न सघाउन खोज्दा, तँ यहाँ बस् म मात्रै जान्छु भनी । यो खैरेनीले तपाईंले लगाएको गुन बिर्सेर अप्ठ्यारो बाटो (लाङटाङ-गोसाइँकुण्ड पास) सकिएपछि यसरी निहुँ खोज्न नहुने भनी उपस्थित अन्य गाइडहरू र होटल साहुले भने । 'वास्तवमा उनलाई के पुगेन ? किन अर्को होटलमा सरेकी ?' भनी होटलवालाले मलाई प्रश्न गरे । मैले कुनै भेउ पाइनँ । जे सुकै होस् अब मलाई तिमी चाहिँदैन फर्केर जाऊ ! भनिन् । हुन त गोसाइँकुण्ड आइपुगेदेखि उनको व्यवहार एक्कासि परिवर्तन हुँदै गएको थियो । त्यसैले मैले पनि 'यो तिम्रो फाइनल निर्णय हो ?' भनी सोधेँ । उनले 'हो' भनी । त्यसपछि मैंले पनि 'हुन्छ नि त' भनेर फर्किने निर्णय गरेँ । गोसाइँकुण्ड पास गर्दा बाटोमा हिँउ बाक्लै जमेको थियो । त्यसैले उनी लड्लिन् कि ? भनेर भर्खर हिँड्न सिक्दै गरेको नानीलाई जस्तै 'ताते-ताते !' गरेर हिँडाएर पास गराएँ । तर, उनी बडो अचम्मकी खैरेनी थिइन् । जे होस् उनलाई बच्चालाई जस्तै डोहोऱ्याए र हिँउमा जोगाएर पास गराएँ । मेरो लागि त्यही ठूलो कुरो हो । किनभने, मैले आफ्नो कर्तव्य पूरा गरेँ । त्यसो त गोसाइँकुण्डमा वास बसेको दिन जर्मन जोडीद्वयलाई मेरो अतिशय प्रशंसा गर्दै, 'हि इज भेरी गुड गाइड' भन्न चुकेकी थिइनन् । उनको अर्को नराम्रो बानी भनेको हामी बसेको होटल/लजमा सकेसम्म अरू पर्यटकहरू नआइदिए हुन्थ्यो ! भन्ने मनसाय हुन्थ्यो । जुन कुरो अक्टोबर सिजन भएकोले असंभव थियो । यसरी मेरो जीवनमा ट्रेकिङ गर्ने क्रममा पहिलोचोटि बीच बाटोबाटै फर्किनु परेको त्यो नै पहिलो हो भने सायद अन्तिम पनि त्यही हुनेछ । फर्केर आएपछि अफिसमा म बारे रिपोर्ट गरिछन् 'जे सोध्दा पनि आई डोन्ट नो' भन्यो !' कस्तो गाइड पठाएको ? यही कुरो महेशजीलाई भन्दा महेशजी हाँस्नुभएको थियो । किनभने, म अंग्रेजी भाषामा 'हन्ड्रेड पर्सेन्ट पर्फेक्ट !' नभए तापनि गए-गुज्रेको पनि थिइनँ/होइन । तर, यस विषयमा ट्रेकिङ एजेन्सीका सञ्चालकहरूले ती खैरेनीसँग आमनेसामने राखेर दोहोरो कुरो गर्न नदिएकोले विश्वास गर्ने आधारचाहिँ रहेन । हुन पनि दिनको १३ डलरमा बुक गरिएको रहेछ मलाई । धन्य ... ! फेरि त्यो वेला लाङटाङ-गोसाइँकुण्ड-हेलम्बु ट्रेक कम्तिमा १८/१९ दिनको हुन्थ्यो । तापनि, मैले १५ दिनमै पूरा गर्ने सहमति गरेको थिएँ । लाङटाङको घोडा तबेलास्थित चेकिङ प्वाइन्टमा आफ्नो रुट परमिट देखाउँदै न्यान्सी ।

# लाभ लिन नसकिएको अनुपम उपहार खप्तड

**बिमलबहादुर विष्ट**

सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीयस्थल खप्तड क्षेत्रलाई यसको महत्वको र आकर्षणअनुरूप विकास गर्न नसकिएको स्थानीय नागरिकले गुनासो गर्न थालेका छन् । सुदूरपश्चिमेलीका लागि एक अनुपम पर्यटकीय उपहारका रूपमा यस प्रदेशका चार जिल्लाको काखमा अवस्थित यो आकर्षकस्थल यहाँका राजनीतिक दललगायत स्थानीयवासीले प्रचारप्रसार र विकास गर्न सकेका छैनन् । यहाँका सबै राजनीतिक दलहरू हुन् या अनेक संघसंस्थाले खप्तडको सुन्दरताको वयान मात्र गर्ने गरेका तर यसको विकास भने गर्न नसकेका स्थानीयवासीको आरोप छ । उनीहरू भन्छन्, 'अहिले पर्यटकीय नगरी खप्तड आफ्नो विकासमा काम गर्ने मनकारी व्यक्तिहरूको खोजीमा रहेको छ ।' विभिन्न समयमा खप्तडका नाममा प्रस्तावना पेस गरेर आफ्नो मात्र काम गर्ने विभिन्न रूपमा आए पनि अब भने खप्तड आफ्नो हितमा काम गर्ने नेतृत्वको पर्खाइमा रहेको स्थानीयवासी तथा उद्योग वाणिज्य संघ डोटीका महासचिव दीपकबहादुर खड्काले बताए ।

उनले भने, 'खप्तडका नाममा दुनियाँले आफ्नो प्यास मेटाए तर खप्तडको विकास भने कसैले गरेनन् ।' सुदूरपश्चिम क्षेत्रको मात्र नभएर देशकै एक प्रमुख पर्यटकीय क्षेत्र खप्तडका नाममा कहिले गंगा दशहरा त कहिले महोत्सव गर्ने नाममा लाखौं रकम सकिएको छ । खप्तडको विकासका नाममा काम नगर्ने तर कुरा मात्रै गर्नेमा पत्रकारदेखि समाजका धेरै वर्गमा मानिस देखिएको स्थानीयवासीको आरोप छ । पत्रकारहरूले खप्तडका बारेमा लेख्ने तर यहाँ भएका अनियमिततालाई सार्वजनिक नगरिदिने गरेको दिपायल सिलगढी नगरपालिका-५ का स्थानीयवासी किरण भण्डारीले आरोप लगाए । पर्यटकीय नगरी खप्तडका नाममा धेरै राजनीति भएका कारण पनि समयानुकूल र बजेटअनुरुप विकास हुन नसकेको स्थानीयवासी र सरोकारवालाको बुझाइरहेको छ ।

**खप्तडको परिचय**

आध्यात्मिक र असाधारण तपस्वीका रूपमा चिनिने खप्तड बाबाले ५० वर्षको तपस्यापछि सुदूरपश्चिमका चार पहाडी जिल्लाको सिमानामा पर्ने खप्तड क्षेत्रलाई 'भू-स्वर्ग' को उपनाम दिँदै संसारभर प्रचार गरे । त्यसअघि निगालोको जंगलका रूपमा गुमनाम खप्तडलाई अहिले सुदूरपश्चिमेलीहरू प्रकृतिले दिएको अनुपम उपहारका रूपमा बुझिरहेका छन् । तर, खप्तडमा भएको खजानालाई कसैले पनि उपयोगमा ल्याउन नसकेको दिपायल सिलगढी नगरपालिकाका पूर्व नगरप्रमुख घनश्याम पाठकले बताए । उनले भने, 'खप्तड प्रकृतिको खजाना हो भन्ने जानेर पनि यसबाट अधिकतम उपलब्धि हासिल गर्न नसक्नु यस क्षेत्रका हाम्रै कमजोरी हो । यहाँ त बजेट सक्ने तर काम नगर्ने भएको छ, यस्तो कदापि हुनु हुँदैन ।' खप्तड स्वामी (बाबा) ले भने झैं खप्तड पर्यटकका लागि भू-स्वर्गभन्दा कम छैन । गलैंचा विच्छाए झैं विशाल हरिया फाँट, मनै लोभ्याउने रंगीविरंगी फूल, आश्चर्य लाग्ने त्यहाँको मौसम सायदै पृथ्वीको अर्को कुनै कुनामा देख्न सकिन्छ । कुल २२ पाटन ५२ झोती भएको नेपालको एक मात्र राष्ट्रिय निकुञ्ज पनि हो खप्तड । हिउँद, वर्षा, गर्मी मौसममा भिन्नरूपमा प्रस्तुत हुने खप्तड धेरैका लागि नपुगी नहुने गन्तव्य भएको होटल व्यवसायी संघ डोटीका अध्यक्ष राजेन्द्रबहादुर शाहीले बताए । उनले भने, 'मनमा भएका अशान्ति हटाउन र प्रकृतिसँग रमाउन भने एकपटक खप्तड घुम्नु अनिवार्य छ ।' खप्तड राष्ट्रिय निकुञ्जका अनुसार त्यहाँ चार रैथानेसहित १ सय ३५ प्रजातिका फूल नियाल्न सकिन्छ । उक्त क्षेत्रमा मात्र २ सय २४ प्रजातिका जडीबुटी, ५ सय ३७ प्रजातिका वनस्पति, २ सय ७० जातका चराचुरुंगी रहेको खप्तड राष्ट्रिय निकुञ्जको कार्यालयले राखेको सूचनामा उल्लेख गरिएको छ ।

यति मात्र नभई उक्त ठाउँमा सहस्रलिंग, नागढुंगा, ताल, दुर्लभ बझांडी भ्यागुता खप्तडले पाएका भिन्नै उपहार पनि हुन् । यसरी प्रकृतिले धनी खप्तड क्षेत्र धार्मिक रूपले पनि त्यत्तिकै प्रसिद्ध छ । खप्तडको त्रिवेणी मन्दिर धार्मिक रूपले अत्यन्त महत्वपूर्ण मानिन्छ । गंगादशहराका दिन पूजा गरिने त्रिवेणी मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । त्योसँगै यहाँ रहेको खप्तड बाबाको कुटीको पनि विशेष महत्व रहेको छ । भारतको कोलकातास्थित



ट्रपिकल कलेजबाट एमबिबिएस र बेलायतबाट सर्जनको अध्ययन गरेका खप्तड बाबा प्रसिद्ध डाक्टर थिए । सबै कुरामा सन्यास लिएर उनले सन् १९४६ मा खप्तड आई तपस्या गरेको भन्ने विभिन्न किताबमा उल्लेख गरिएको पाइन्छ । खप्तड बाबाले तपस्या गरेको स्थान, उनले प्रयोग गर्ने लुगाकपडा, सरसामग्री र उनको कुटी अहिले पनि सुरक्षित राखिएको छ । खप्तडबारे डेढदर्जन पुस्तक लेखेका खप्तड बाबाबारे जान्न बुझ्न चाहनेका लागि पनि एक अध्ययनको क्षेत्र हो खप्तड ।

समुद्री सतहदेखि २ हजार ७ सयदेखि ३ हजार २ सय २७ मिटरसम्मको उचाइमा अवस्थित खप्तड २ सय २५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । कहिले हिउँभित्र लुक्ने त कहिले रंगीचंगी फूलहरूसँग जिस्कने खप्तड धेरैका लागि अध्ययनको विषय बन्न सक्ने खप्तड पर्यटन विकास मितिका पूर्वअध्यक्ष पूर्णराज जोशीले बताए । खप्तडमा प्राकृतिक सुन्दरको आनन्द मात्र होइन धार्मिक आस्था राख्नेहरूका लागि पनि एक महत्वपूर्ण स्थल हो । त्रिवेणी, खापरदह, सहस्रलिंग, नागढुंगा, गणेशस्थान जस्ता सांस्कृतिक महत्व बोकेका धार्मिकस्थल पनि खप्तडमा छन् । गंगादशहराको वेला खप्तडको त्रिवेणीमा भव्य मेला लाग्ने गर्दछ ।

**यस क्षेत्रको समृद्धि बन्नसक्छ खप्तड**

पर्यटनका दृष्टिले खप्तड विश्वकै एक आकर्षक गन्तव्य हो । यहाँ पर्यटक भित्र्याउन सक्ने हो भने खप्तडको सिमाना जोडिएका सुदूरपश्चिम प्रदेशका बझाङ, बाजुरा, अछाम र डोटीका चार जिल्लाको आन्तरिक आयस्रोतमा ठूलो सहयोग पुग्ने खप्तड मध्यावर्ती क्षेत्र विकास समितिका पूर्वअध्यक्ष लालबहादुर बोगटीले बताए । उनले भने, 'सुदूरपश्चिमको विकास गर्नं छ भने पहिले खप्तडको विकास गर्न जरुरी भएको छ ।' खप्तड क्षेत्र पर्यावरणीय र धार्मिक पर्यटकीयसँगै अनुसन्धानकर्ताका लागि समेत उपयुक्त भएकाले वातावरण बनाउनसके खप्तडमा पर्यटकको ओइरो लाग्ने विश्वास स्थानीय समाजसेवी तथा राजनीतिकर्मी नारद मलासीले बताए ।

उनले भने, 'खप्तडमा पर्यटन विकास गर्न सके अर्बौं रुपैयाँको कारोबार हुनसक्छ, तर दुर्भाग्य खप्तडमा आउने पर्यटकलाई अहिलेसम्म खाने बस्नेसम्मको न्यूनतम पूर्वाधारसमेत बन्न सकेको छैन ।' पर्यटन बाहेक खप्तडको जडीबुटी र वनस्पति पनि यहाँका चार जिल्लाको अर्को आयस्रोत बन्दै आएको छ । यहाँ औषधीय मूल्य भएका सञ्जीवनी बुटीदेखि अति महत्वपूर्ण खप्तडमा रहेकाले त्यसको सही सदुपयोग हुन जरुरी रहेको अनुसन्धानकर्ता नारायण रुपाखेती बताउँछन् । खप्तड राष्ट्रिय निकुञ्जमा वार्डेनका रूपमा समेत लामो समय काम गरेका रुपाखेती खप्तडको जडीबुटीको मात्र सदुपयोग गर्ने हो भने सिंगो सुदूरपश्चिम धान्नसक्ने गरी आर्थिक लाभ लिन सकिने दाबी गर्छन् ।

खप्तडको प्रचारप्रसार र पर्यटकीय विकासका लागि ०६३ सालमा खप्तड पर्यटन विकास समितिको गठन भएको थियो । त्यसयता झण्डै २२ करोड रुपैयाँ विकास समितिमा आइसकेको छ । तर, अहिलेसम्म पर्यटकलाई खाने बस्नेसम्मको व्यवस्था खप्तडमा गरिएको छैन । खप्तडको बीचपानी र पाटनमा दुई वटा गेस्ट हाउस बनाइएका भए पनि ती गुणस्तरहीन भएकाले पाहुना बस्न नमानेको स्थानीयवासीको आरोप रहेको छ ।

**समितिले सास्ती दियो**

०६१ सालमा खप्तड मध्यावर्ती क्षेत्र गठन भएको हो । त्यसका संस्थापक अध्यक्ष लालबहादुर बोगटी हुन् । खप्तडको मध्यावर्ती क्षेत्रअन्तर्गत चार जिल्लाका तत्कालीन २१ गाविस रहेका थिए । खप्तड राष्ट्रिय निकुञ्जले गरेको आम्दानीमध्ये ५० प्रतिशत रकम मध्यावर्ती क्षेत्रका बासिन्दाका लागि खर्च गर्नंपर्ने नियम रहेको छ । तर, निकुञ्जको आम्दानी न्यून रहेका कारण विकास हुन नसकेको खप्तड पर्यटन विकास समितिले जनाएको छ । निकुञ्जबाट आएका वन्यजन्तुले किसानले लगाएका खेतीपाती खाइदिने र मान्छेलाई आक्रमण गर्ने गरेकाले यहाँका स्थानीयवासी बढी निराश हुँदै आएका छन् । खप्तड निकुञ्ज भएकाले आफ्ना बस्तुभाउलाई चरिचरनका लागि पनि समस्या भएको सायल गाउँपालिका-१ दौडका स्थानीयवासी तेजबहादुर सिंहले बताए ।

उनले भने, 'निकुञ्जका वन्यजन्तुले हाम्रो खेतीबाली खाएर नोक्सान गर्छन्, हाम्रो बस्तुभाउ निकुञ्जमा चर्न पाउँदैनन्, त्योभन्दा ठूलो समस्या के हुने ।'

**कसरी पुग्ने खप्तड ?**

काठमाडौंबाट बसमा ६ सय ५० किलोमिटर दुरी यात्रा गरेपछि करिब १४ घण्टामा कैलालीको धनगढी पुगिन्छ र धनगढीबाट डोटीको सिलगढी दुई सय किलोमिटर अर्थात आठ घण्टाको गाडी यात्रापछि पुगिन्छ । यस्तै बझाङबाट पनि खप्तड पुग्न छोटो दुरीमा सकिन्छ । त्यसैगरी जहाजमा आउनेका लागि काठमाडौंबाट धनगढी एक घण्टा हवाई यात्रा गर्ने र त्यहाँबाट गाडीमा सिलगढी र बझाङ हुँदै यात्रा गर्न सकिन्छ । डोटी सदरमुकाम सिलगढीबाट अहिले झिग्रानासम्म गाडी पाइन्छ । यस्तै बझाडको तमैले हुँदै कालुखेतीसम्म गाडीमा गएर सात घण्टाको पैदल यात्रामा खप्तड पुग्न सकिन्छ ।

खप्तड जाने यात्रुहरूको पहिलो बास झिग्राना वा तमैल गरी जान सकिन्छ निकुञ्जको मुख्यालय पुगिन्छ । यहाँ स्थानीय भरियासमेत पाइने गरिन्छ । खप्तडको मुख्य प्रवेशद्वार जिल्ला सदरमुकाम सिलगढी र बझाङ हो । डोटी सदरमुकाम सिलगढीबाट हिँडेर जाँदा पहिलो वास झिग्रानामा बसिन्छ । त्यहाँ सामान्य खालका होटल छन् । झिग्रानाबाट चार घण्टामा बीचपानी र आठ घण्टामा निकुञ्ज प्रवेश गरेपछि पुगिन्छ मनोरम खप्तड ।

खप्तड क्षेत्रमा प्रायः स्वदेशी अर्थात आन्तरिक पर्यटक र विदेशीमध्ये भारतीय नागरिक बढी आउने गरेका छन् । खप्तड क्षेत्रमा खासगरी फागुनदेखि जेठ महिनासम्म अवलोकन भ्रमण गर्दा पर्यटकलाई सजिलो हुने गर्दछ । वर्षातको समय अर्थात असारदेखि कात्तिकसम्म खप्तडमा निकै हरियाली हुने भए पनि बाटोको समस्या तथा विष लाग्ने भएका कारण खप्तडमा खासै पर्यटक नआउने गरेको निकुञ्जको कार्यालयले जनाएको छ । पछिल्लो समय खप्तड आउने पर्यटकको सहजताका लागि सरकारी लगानीमा झिग्रानामा घरवास (होमस्टे) समेत निर्माण गर्न थालिएको छ ।

**लिजा टम्बुनान**

# बिहे गर्न महिलालाई बन्धक



महिलाहरूलाई अपहरण गरिएको भिडिओले राष्ट्रिय बहस निम्त्याएपछि इन्डोनेसियाको दुर्गम द्वीप सुम्बामा कायम रहेको विवादास्पद युवती कब्जा गरेर बेहुली बनाउने चलन अन्त्य गर्ने अधिकारीहरूले प्रतिबद्धता जनाएका छन् ।

सीट्राले सुरुमा त्यो कामसँग जोडिएको भेटघाट रहेको ठानेकी थिइन् । आफू स्थानीय अधिकारी भएको दाबी गर्ने दुई जना पुरूषहरूले उनले चलाइरहेको स्थानीय सहायता निकायको बजेटबारे जान्ने इच्छा गरेका थिए ।

त्यसबेला २८ वर्षकी रहेकी उनी एक्लै जानुपर्ने हुनाले केही हडबडाएकी थिइन् तर सधैं काममा पथक रहेको देखाउन चाहने उनले आफ्ना चिन्तालाई उनलाई अर्को स्थानमा बैठक गर्न सुझाए र उनीहरूको कारमा चढ्न भने । उनले आफू आफ्नो मोटरसाइकलबाटै फर्कने अडान राखिन् त्यही वेला विवाद चर्कियो र पुरूषहरूको अर्को समूहले उनलाई दह्रो गरी समात्यो ।

उनले भनिन्, 'उनीहरूले कारभित्र धकेलिरहँदा म लात्तीले हानिरहेकी थिएँ र चिच्याइरहेकी थिएँ । म असहाय बनेकी थिएँ । कारभित्र दुई जना पुरूषले मलाई थिचे । के भइरहेको छ मैलै थाहा पाइसकेकी थिएँ । विवाहका लागि उनलाई अपहरण गरिँदै थियो । दुलहीलाई बन्धक बनाउने वा कावीन ताङकाप सुम्बामा चलिरहेको विवादास्पद चलन हो जसमा महिलालाई परिवारका सदस्य वा विवाह गर्न लिन्छन् । लामो समयदेखि यसलाई प्रतिबन्ध लगाउन महिला अधिकारवादी समूहरूले माग गर`पनि बालीदेखि पूर्वमा अवस्थित दुर्गम टापुका केही भागमा अझै पनि यो प्रचलनमा छ । तर दुईवटा दुलही अपहरणका भिडिओ समाजिक सञ्जालमा व्यापक रूपमा सेयर गरिएपछि सरकारले यसलाई अन्त्य गर्ने आग्रह गरिरहेको छ ।

'मलाई मर्न लागेकोजस्तो अनुभव भयो' बलियो काठे खम्बा र अग्लो छानो भएको परम्परागत घर पुग्नुअघि कारभित्रैबाट सिट्राले आफ्ना प्रेमी र आफ्ना बुबाआमालाई सन्देश पठाउन भने सकिन् । उनले आफूलाई अपहरण गर्ने आफ्नो बुबातर्फका टाढाका नातेदार भएको पनि थाहा पाइन् । पुगेपछि त्यहाँ घण्टी बजाउन थालियो र कर्मकाण्ड सुरु गरियो ।' सुम्बाका मानिसहरूले इसाई र इस्लामबाहेक प्रकृतिलाई पुज्ने मारापु भनिने प्नाचीन धर्म उल्लेख्य रूपमा मान्ने गर्छन् ।

'सुम्बामा मानिसहरूले तपाइएंको निधारमा पानीले छोयो भने घर छाड्नुहुँदैन भनेर विश्वास गर्छन्', सिट्रा भन्छिन्, 'मलाई के भइरहेको छ त्यसको पूरा जानकारी थियो त्यही भएर उनीहरूले त्यस्तो गर्न खोज्दा पानीले निधारमा नछोओस् भनेर म अन्तिमसम्म अस्वीकार गरिरहन्थेँ ।'

बन्धक बनाउनेले उनलाई प्रेमका कारणले त्यस्तो गरेको भन्दै विवाह स्वीकार गर्न फकाउन पनि खोजेका थिए । 'म घाँटी नसुकेसम्म रोइरहेँ । मैले आफूलाई भुइँमा पछारेँ । आफूसँगै राखेको मोटरसाइकलको चाबीले मैलै चोट नलागुन्जेलसम्म दरफर्‍याइरहेँ । मैले आफ्नो टाउको बलियो काठे खम्बामा ठोक्किरहेँ । म यो चाहिरहेकी छैन भन्ने उनीहरूले बुझुन् भन्ने म चाहन्थेँ । मलाई अपेक्षा थियो उनीहरू दुःखी हुनेछन् ।'

६ दिनसम्म कैदी जसरी राख्दा बैठक कोठामा सुत्न दिइएको भन्दै उनले भनिन्, 'म रातभर रून्थेँ र सुत्दिनथेँ । मलाई म मर्न लागिरहेकी छु जस्तो अनुभव हुन्थ्यो ।' सिट्राले उक्त परिवारले दिएको खाना वा पानी पनि अस्वीकार गरेकी थिइन् । किनभने त्यसलाई परम्परागत मान्यताअनुसार विवाह गर्न तयार भएको अर्थमा ठहर्‍याउन सकिन्थ्यो ।

परिवारका सदस्यहरूले गाउँका अगुवा र सम्भावित दुलाहासँग घर फिर्तीबारे कुराकानी गरिरहँदा उनकी बहिनीले लुकाएर सिट्रालाई खाना र पानी पुर्‍याइदिने गरिन् ।

महिला अधिकारवादी समूह पिरूआटीले पछिल्लो चार वर्षमा उक्त टापुमा सात वटा दुलही बन्धक बनाउने घटना भएको अभिलेख गरे पनि वास्तविक संख्या अझै बढी हुनसक्ने ठानिन्छ । सिट्रासहित जम्मा तीन महिला रिहा भए भने जुन महिनाको भिडिओसँग जोडिएका पछिल्ला दुई महिलामध्ये एक जनाले विवाह स्वीकार गरिन् । 'उनीहरूले विवाह पिरूआटीकी स्थानीय प्रमुख रहेकी अधिकारकर्मी अप्रिशा तारानाउ भन्छिन् ।

उनका अनुसार विवाह अस्वीकार गर्नेहरूले समाजबाट अपहेलना सहनुपर्ने अवस्था छ । ' उनीहरूलाई अपमान गरिन्छ र मानिसहरूले अब तिमीहरूको बिहे हुँदैन र बच्चा हुँदैन भन्छन् । डरका कारण महिलाहरू विवाह स्वीकार गर्छन् । सिट्रालाई पनि यस्तै भनिएको थियो । 'धन्य भगवान्, मैले आफ्नै प्रेमीसँग विवाह गरेँ र अहिले हाम्रो एक वर्षको बच्चा छ,' बन्धक बनाइएको तीन वर्षपछि उनले भनिन् । स्थानीय इतिहासकार तथा अगुवा फ्रान्स वोरा हेबीले बेहुली बन्धक बनाउने अभ्यास सुम्बाको धनी सांस्कृतिक परम्पराको हिस्सा नभएको र आफूसँग महिलाहरूलाई विवाह गर्न दबाब दिन मानिसहरूले यसलाई प्रयोग गरिरहेको बताए । उनले सरकारले ठोस कदम नचाल्दा यो अभ्यास नियन्त्रणमा नआएको पनि बताए । तर, पछिल्ला घटनाहरूको राष्ट्रिय रूपमा नै विरोध भएपछि क्षेत्रीय नेताहरूले यसै महिनाको सुरुमा संयुक्त रूपमा उक्त अभ्यास अस्वीकार गर्ने प्रतिबद्धता जनाएका छन् । राजधानी जकार्ताबाट उक्त टापुमा पुगेर महिला सशक्तीकरण मन्त्री बिन्ताङ पुष्पयोगाले संयुक्त घोषणा गर्दै उक्त अभ्यास रोक्ने सरकारी प्रयासको अंश भएको बताइन् ।उनले उक्त अभ्यासलाई महिला विरूद्धको हिंसाका रूपमा लिएको धारणा राखेकी थिइन् । महिला सशक्तीकरण मन्त्री बिनताङ पुष्पयोगाले विवादास्पद प्रचलन अन्त्य गर्न प्रतिबद्धतासमेत जाहेर गरिन् । अधिकारवादी समूहहरूले त्यसलाई आफ्नो लामो अभियानको एउटा पहिलो उपलब्धिका रूपमा लिएका छन् । सरकारले यस विषयमा ध्यान दिन थालेकोमा सिट्रा खुसी छन् र उनी आफूले भोगेजस्तो कसैले भोग्नुनपरोस् भन्ने ठान्छिन् । 'कसैका लागि यो हाम्रो पूर्खाहरूबाट आएको चलन हुनसक्छ । तर, अहिलेको समयमा यो सान्दर्भिक छैन र यो रोकिनुपर्छ किनभने यसले महिलाहरूलाई क्षति पुर्‍याइरहेको छ ।' परिचय जोगाउन नाम परिवर्तन गरी उनलाई सिट्रा भनिएको



# रानीको संसार फेर्ने गीत

■ सौर्य समाचार

काठमाडौं । गायिका रानी शाक्यको 'संसार फेर्ने' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । सामाजिक सन्देश बोकेको यस गीतमा सकारात्मक सोच, जीवन दर्शन र जीवन जिउने प्रेरणा दिने भाव व्यक्त गरिएको छ । गीतकार अरुण तिवारीको शब्द रहेको यस गीतमा दीपक शर्माले संगीत भरेका छन् भने पुरुषोत्तम न्यौपानेको संगीत संयोजन रहेको छ ।

जीवन शाहीको निर्देशनमा तयार पारिएको गीतको भिडियोमा अभिनेत्री प्रियंका कार्की फिचर्ड छन् । त्यस्तै, राजु गिरी, रश्मी श्रेष्ठ र इन्द्र दोङ लामाकको समेत अभिनय छ । उत्सव दाहालले छायांकन गरेको भिडियोलाई नवीन निरौलाले सम्पादन गरेका हुन् ।

गायिका शाक्यकै युट्युब च्यानल रानी शाक्यमार्फत भिडियो सार्वजनिक गरिएको छ । गीत सामाजिक सद्भाव कायम गर्दै सकारात्मक सोचका अघि बढ्ने खालको रहेको गायिका शाक्यले बताइन् । उनले भनिन्, 'संसारलाई बदल्न सुरुवात् आफैबाट गर्नुपर्छ । समय सधैं एकनासको हुँदैन र आफूले चाहेको जस्तो पनि हुँदैन । हरेक कुराको निश्चित अवधि हुन्छ । संघर्ष नै जिन्दगी हो, बाँचुन्जेल संघर्ष गर, समस्या अस्थायी हुन्छ, दुःख सत्य हो, दिनपछि रात हुन्छ, रातपछि दिन हुन्छ । हिम्मत नहार, मैदान नछोडजस्ता जीवन उपयोगी प्रेरणादायी कुरा गीतमा समेटिएको छ ।'

# हेम र जमुनाको तिज गीत

■ सौर्य समाचार

काठमाडौं । काठेगीतमा छुट्टै परिचय बनाएका गायक हेम श्रेष्ठले तिजको सन्दर्भ पारेर नयाँ गीत 'नाच्न आकी छु' ल्याएका छन् । उनलाई गायिका जुमना श्रीपालीसँग युगल गायनमा साथ दिएकी छन् । गायक हेमले संगीत भरेको उक्त गीतमा रामकृष्ण थापाको संगीत संयोजन रहेको छ । कविता कार्कीले लेखेको यस गीतको भिडियो सर्वसम्मान म्युजिकको युट्युब च्यानलबाट रिलिज गरिएको हो ।

शिशिर बुढाथोकीको नृत्य निर्देशन गरेको गीतको भिडियो छायांकन सागर गौतम तथा सम्पादन प्रकाश एसकेको



रहेको छ । भिडियोमा प्रकाश तामाङ, सम्झना थोकर, सोफिया र धिरजको अभिनय छ । भिडियो निर्देशन प्रकाश क्षत्रीले गरेका हुन् । गतवर्ष 'आउ आउ काली नाचौंन' तिज गीत ल्याएका हेमका यसअघि रामेछाप ओखलढुंगा, नाकको मुन्द्रा, लिपुलेक कालापानी लगायतका दर्जनौं गीत ल्याएका छन् ।


# 'निरुको साइनो' सार्वजनिक

■ सौर्य समाचार

बाँके । कवि निरन्जना चन्द निरुले लेखेको 'निरुको साइनो' संग्रह सार्वजनिक गरिएको छ । हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरले जुममार्फत कविताको उपविधा साइनो संग्रहको विमोचन गरेको हो । शनिबार पूर्णिमा प्रतिष्ठानका अध्यक्ष तथा साहित्यकार महानन्द ढकाल एवं कृतिकार निरन्जनाले उक्त कृतिको संयुक्तरुपमा विमोचन गरे ।

कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्य सचिव तथा प्रगतिशील लेखक संघका अध्यक्ष एवं प्रा.डा.जीवेन्द्रदेव गिरिको प्रमुख आतिथ्यतामा भएको थियो । प्रा.डा. गिरिले ब्यानर पढेर कार्यक्रमको समुद्घाटन गर्दै निरुका साइनोहरु उत्कृष्ठ रहेको बताए । उनले लेखकले जनजीविकाको विषयलाई उठान गर्दै लेख्नुपर्ने धारणा व्यक्त गरे । उनले भने, 'अबको साहित्य लेखन समाज परिवर्तनका लागि हुनुपर्दछ । कोहलपुरमा रहेर पनि हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानले साहित्यको क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आएको छ । यो नेपाली वाङ्मय क्षेत्रका लागि खुसी कुरा हो ।'

साइनो विधाका प्रणेता साहित्यकार छायादत्त न्यौपाने बगरले साइनोको लेखनी सुरु भएको एकवर्षको अवधिमा थुप्रै साहित्यकारको नजरमा परेको बताए । उनले छोटो समयमै पाठकको मन समात्न सकेको बताउँदै साइनोप्रेमीका यो अति सुखद खबर रहेको जिकिर गरे । गत श्रावण १६ गतेबाट लेखन प्रारम्भ भएको कविताको लघुतम् उपविधा साइनोका एक वर्षको समयमा दुई दुईवटा कृतिहरु




प्रकाशित हुनु आफैमा सुखद रहेको बताए । साहित्यकार न्यौपानेले साइनोको संरचना पक्षको बारेमा जानकारी दिँदै नेपाली माटोबाट सुरु भएको साइनो विधा छोटो समयमा धेरैको मन मुटुमा बस्न सफल भएको दावी गरे ।

उनले हाम्रो पूर्णिमा प्रतिष्ठान कोहलपुरले सबैभन्दा पहिलो र दोस्रो साइनो कृति प्रकाशित गरेर नेपाली साहित्यलाई ठूलो गुन लगाएको र इतिहास रचेकोमा संस्थाका अध्यक्ष महानन्द ढकाल लगायत सिंगो टिमलाई बधाइ ज्ञापन गरे ।

साइनोका अभियन्ता बालकुमार क्षेत्रीले साइनोले एक वर्षको अवधिमा गरेका साइनो गतिविधिमाथि प्रकाश पारेका थिए । उनले साइनोसम्बन्धी छलफल, बहस तथा अन्तरसंवाद कार्यक्रमको बारेमा जानकारी दिँदै साइनो विधालाई सबैको सम्मुख ल्याउन सहयोग गर्ने विभिन्न मिडियालाई धन्यवादसमेत दिए ।

समालोचक तथा बाँसगढी बहुमुखी क्याम्पसका प्रमख ईश्वरी रिजाल उल्कापातले निरुको साइनोमाथि समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरे । उनले निरुको साइनोमा समसामयिक विषयवस्तुलाई निकै गहन र गम्भिर तरिकाले प्रस्तुत गरेको जिकिर गरे । उनले निरन्जना चन्द निरुले शब्द, भाव, संरचना र शुद्धताको दृष्टिले उत्कृष्ट रहेको र नेपाली साहित्यमा यस कृतिले अमरत्व प्राप्त गर्ने सक्ने कुरामा आफू ढुक्क रहेको बताए ।

कृतिकार निरन्जनाले निरुको साइनो आफ्नो पहिलो कृति भएको र आफूलाई यहाँसम्म आइपुग्नका लागि सहयोग गर्ने सम्पूर्ण साहित्यकारलाई धन्यवाद दिर्दै कृति अध्ययन गरी सुझाव सल्लाह दिनका लागि आग्रह गरिन् ।

कार्यक्रमका अध्यक्ष महानन्द ढकालले सहभागी सम्पूर्णलाई धन्यवाद दिँदै हाम्रो पूर्णिमा प्रतिष्ठान कोहलपुरले पश्चिमको नेपाली भाषा साहित्यलाई अगाडि बढाउन सदैव अग्रसर रहँदै आएको धारणा राखे । उनले साइनोको पहिलो कृति विष्णु पादुकाको 'साइनो' र दोस्रो कृति 'निरुको साइनो' प्रकाशन गर्न पाउँदा गर्व लागेको कुरा उल्लेख गर्दै कृतिकारलाई विधागत सफलताको शुभकामना दिँदै लुकेका साहित्यिक प्रतिभालाई अगाडि ल्याउन प्रयत्न गरेको बताए ।

साइनो विधाका अभियन्ता केशव ज्ञवाली तथा खेमलाल पोखरेलले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै पश्चिम नेपालमा साइनो झाँगिँदै गएकोमा खुसी व्यक्त गरे । साहित्यकार गंगा लिगल, विष्णु पादुका, किरण आचार्य, गणेश श्रवण, सागर गैरे, बाबुराम न्यौपाने, नवराज पुडासैनी, टंक भटराई, कमला भण्डारी ढकाल, प्रभात सुवेदी, जीवन न्यौपाने, धातानन्द शर्मा, सुरेन्द्र शाही, सुमित्रा न्यौपाने लगायत सात दर्जन बढी साहित्यकार उपस्थिति रहेको उक्त कार्यक्रममा संस्थाका कोषाध्यक्ष बद्री ढकाल हिरामणिले स्वागत गरेका थिए भने संस्थाका सचिव पुष्कर रिजालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# सौन्दर्य क्षेत्रमा नारायणको छलाङ

■ सौर्य समाचार

काठमाडौं । पछिल्लो समय छालाको स्याहार र सुन्दरतामा ध्यान दिनेको संख्या बढिरहेको छ । सुन्दरतासम्बन्धी उपचार गर्नेको संख्या पनि क्रमशः बढ्दै गइरहेको छ । सौन्दर्यसम्बन्धी चेत विकास भएसँगै सौन्दर्यकर्मीको पनि माग पनि तीव्र रूपमा बढेको छ । सौन्दर्य भन्नेबित्तिकै महिलाका लागि मात्र चाहिने विषय हो भन्ने धेरैलाई लाग्ने गरेको छ । फेरि सुन्दरतासँग सम्बन्धित उत्पादन पनि महिला केन्द्रित बढी नै देखिन्छन् ।

विश्वमा नाम चलेका सौन्दर्य सामग्री उत्पादक कम्पनीले महिलालाई ध्यानमा राखेर नै आफ्ना उत्पादन बजारमा पठाउने गरेका छन् । तर, पछिल्लो समय पुरुषमा पनि सौन्दर्य चेतको विकास भएको पाइन्छ । सौर्न्दयका विषयमा अनादिकालदेखि अहिलेसम्म मानिसको लगाव हुँदै आएको छ । सुन्दरता मानिसको आत्मविश्वास तथा समग्र पहिचानमापन गर्ने मापदण्ड पनि हो । यसलाई मानव आत्मविश्वासको कसी पनि भनिएको छ । पुरुष हुन् वा महिला सुन्दर र आकर्षक देखिने चाहना हुन्छ । यद्यपि सुन्दर देखिनुमा सबैको एउटै कारण नहुनसक्छ । पेशा, व्यवसाय तथा व्यक्तिगत ढाँचाका आधारमा सुन्दरताका कारण फरक हुनसक्छन् ।

सुन्दरतासम्बन्धी चेत बढेसँगै यस पेशाप्रति धेरैको आकर्षण बढ्दै गएको पाइन्छ । पछिल्लो समय धेरै कतिपय मानिस पढेर, बुझेर यो क्षेत्रमा होमिएका छन् । एकातिर सुन्दरतासँग सम्बन्धित र अर्कातिर जिउने आधारका रूपमा खडा भएकाले पनि पछिल्लो समय मानिस यो पेशातर्फ आकर्षित भएको पाइन्छ । यस्तै लामो समयदेखि यही पेशामा संलग्न रहेका धेरैलाई चिटिक्क र प्रशिक्षणमार्फत सयौंलाई सौन्दर्यसम्बन्धी ज्ञान दिइरहेको व्यक्तित्वको नाम हो, नारायण भट्टराई ।

उनले सौन्दर्यकर्ममा आफ्नो पहिचान अग्रपंक्ति राख्न सफल भइरहेका छन् । उनले दुई दशकभन्दा लामो समयदेखि सौन्दर्य क्षेत्रमा आफ्नो अनुभव पस्किरहेका छन् । पाल्पाको बौघा पोखराथोकमा बुबा डिलाराम



भट्टराई र माता लक्ष्मी भट्टराईको कोखबाट २०३९ सालमा जन्मिएका नारयण यतिवेला काठमाडौंलाई कर्मथलो बनाई सौन्दर्यसम्बन्धी कार्यमा संलग्न छन् । मानिसमा सौन्दर्यचेत विकास गर्दै सुन्दर र स्वास्थ्य रहन अभिप्रेरित गरिरहने नारायणले यसैसम्बन्धी 'मेक अफ टिप्स' र 'वल्ड अफ ब्युटी' जस्ता दुई पुस्तक पनि पाठकमाझ ल्याएका छन् ।

विद्यालय उमेरदेखि नै सौन्दर्यप्रति विशेष लगाव राख्ने नारायण आफ्नो कडा मिहिनेत र संघर्षकै कारण सफल भएका हुन् । उनले ललितपुरको इमाडोलमा 'भट्टराई हेयर डिजाइन एण्ड ब्युटिकेयर' सञ्चालनमा ल्याएका छन् । जहाँबाट उनले सौन्दर्यसम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्दै आएका छन् ।

सौन्दर्य कलाप्रति निरन्तर चनाखो नारायण विभिन्न सामाजिक राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थामा पनि आबद्ध रहेर सामाजिक कार्य पनि अघि बढाइरहेका छन् । यस्तै सक्रियताले गर्दा दर्जनौ उपाधिसहित विभिन्न अवार्ड तथा पुरस्कारबाट सम्मानित भएका उनी विभिन्न सौन्दर्य प्रतियोगितामा निर्णायकको भूमिकासमेत निर्वाह गर्दै आएका छन् ।

नारायणले अहिलेसम्म आउँदा फेसन सो, वृत्तचित्र, म्युजिक भिडियो, टेलिचलचित्र तथा ठूलो पर्दाका चलचित्रमा पनि आफ्नो कला प्रस्तुत गरेका छन् । 'मेकअप आर्टिस्टमा पछिल्लो समय पढेर आएका धेरै छन् । यो क्षेत्रमा पारिश्रमिक पनि राम्रै छ । यो क्षेत्रमा लागेर राम्रै गरेको छु मैले,' उनी भन्छन्, 'आफूले काम राम्रो दिनुपर्छ मिहिनेत गर्नुपर्छ, राम्रो हुन्छ ।'

उनले आफूले सबै प्रकारको मेकअप गर्ने बताए । उनका अनुसार मेकअप टोन हेरेर हुन्छ, ऱ्याम्प मोडल मेकअप, फिल्मी मेकअप र अन्य मेकअप फरक-फरक प्रकारको हुन्छ । त्यस्तै, मेकअप क्यामेरा हेरेर पनि हुन्छ, क्यामेराअनुसार पनि मेकअप फरक-फरक हुन्छ । पछिल्लो समय पार्लरबाट आएकाले प्रोफेसनल प्राविधिकलाई गाह्रो बनाएको बताउने उनी यसले गर्दा जुन मेकअप हुनुपर्ने हो, त्यस्तो नदेखिने जिकिर गरे ।

उनले भने, 'हामीले आफ्नो व्यक्तित्वलाई अरुको नजरमा भद्दा देखाउनु हुँदैन । जहिले पनि मेकअप गर्दा समय परिस्थिति अनि अवस्थालाई ध्यान दिएर गर्नुपर्छ । यसरी मिलाउन सकियो भने व्यक्ति पनि सुन्दर देखिन्छ ।' नारायणले आफ्नो अवस्थाको बारेमा धेरै कुराहरु जान्न मन लागेमा विशेषज्ञसँग सरसल्लाह लिनुपर्ने विचार व्यक्त गरे । उनले भने, 'थोरै जानकारी कहिलेकाहीँ घातक हुन सक्छ, यसमा विचार पुऱ्याउनु पर्दछ ।' उनी सौन्दर्यले मानिसको व्यक्तिगत विकास गराउन मद्दत पुग्ने बताउँछन् ।

सौन्दर्य पेशालाई आफ्नो मूलकर्म बनाएर अघि बढेका नारायण अहिले यो पेशा व्यवसायप्रति आफ्नो लगावकै कारण सफल हुन सकेका हुन् । यही क्षेत्रमा केही नयाँ गरौं भन्ने सधैं मनमा लिएर अघि बढिरहेका नारायणको सफलता यतिवेला यो क्षेत्रमा आउँदै गरेका धेरैलाई मार्गदर्शन बन्न पुगेको छ । जुनसुकै पेशामा पनि ज्ञान हासिल गरेर इमान्दारिताका साथ लाग्ने हो भने सफलता पाउन सकिन्छ भन्ने उदाहरण बनेका छन् नारायण ।



# जुरेलीको हट अवतार

■ सौर्य समाचार

काठमाडौं । नजिकिँदै गरेको हरितालिका तिजको अवसर पारेर रेस्लर गायिका अस्मिता जुरेलीले फरक किसिमको गीत बजारमा ल्याएकी छन् । मौलिक विषय समेटिएर तिज गीत बजारमा आइरहेका बेला अस्मिताको 'मान्देउ न शिवजी' गीत फरक शैलीमा प्रस्तुत गरिएको छ । गीतको भिडियोमा गायिका अस्मिता निकै हट अवतारमा प्रस्तुत भएकी छन् ।

गीतमा शिवम अधिकारीको शब्द र ओम सुनारको संगीत रहेको छ । भिडियोमा गायिका अस्मिता जुरेली, दुर्गेश थापा, लोमोस शर्मा, अर्जुन गौतम, रविन हुड सेन, नरेशवीर सिंह, रमेश थापा, समिर खान, दिनेश कठायत, प्रेम खड्का, रविन प्ररब सेन, ध्रुव हिमाली, विश्व केसी, इश्वरी नेपाली, द हिमालयन टाइगर र भगवती खड्का (युनिका) फिचर्ड छन् ।

भिडियोमा नवराज उप्रेतीको छायांकन, समिर मियाँको सम्पादन र रंग संयोजन तथा शिव


## मेगा बैंक नेपाल लिमिटेडको
## बैंकमा धितो राखेको चल/अचल सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७७/०४/१२)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ता समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पतिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पतिहरु लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानुन बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७७/०४/१८

**बोलपत्र खोलिने मिति**
२०७७/०४/१९ दिँउसो ३ बजे

तपशिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| १. | अधिविकर्ष तथा सवारी साधन खरिद कर्जा | **ऋणी : प्लेजर हाउजिङ्ग कम्पनी प्रा.लि.**<br>दर्ता नं. : १५१३३७/७२/०७३<br>ठेगाना : दक्षिणकाली न.पा. वडा नं. ३, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**प्रतिक श्रेष्ठ**<br>(ना.प्र.नं. ३०२६३, मिति २०६२/१२/०७ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : धिर बहादुर श्रेष्ठ<br>बाजे : शिव लाल श्रेष्ठ<br>(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)<br>(प्रकाशित मिति २०७५/०३/२०)<br>(धितो लिलाम सम्बन्धी ३५ दिने सूचना)<br>(प्रकाशित मिति २०७५/०४/२८)<br>(धितो लिलाम सम्बन्धी १५ दिने सूचना)<br>(प्रकाशित मिति २०७५/०६/१६)<br>(धितो लिलाम सम्बन्धी ७ दिने सूचना)<br>(प्रकाशित मिति २०७५/०८/०४ र २०७६/१२/०८)<br>(नागरिक/राजधानी राष्ट्रिय दैनिक ) | १. प्लेजर हाउजिङ्ग कम्पनी प्रा.लि. को नाममा काभ्रेपलान्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको, काभ्रेपलान्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं. ५ स्थित कि.नं. २७ (२-८-१-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले पर्खेको सम्पूर्ण लिगालिगापात समेत ।<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>**कम्पनीको नाम :** KOMATSU CO.<br>**सवारीको मोडेल :** EXCAVATOR<br>**निर्माण वर्ष :** 2007<br>**ईञ्जिन नं. :** 6D10226441021<br>**च्यासिस नं. :** KMTPC049V47C78632<br>**सवारी दर्ता नं. :** बा. १क. ७१६५<br>**बोलपत्र खोलिने स्थान**<br>**(केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालय)** | <br>प्रतिक श्रेष्ठ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

MEGA BANK NEPAL LIMITED

सौर्य दैनिक
# आर्थिक



सुनसरीको रामधुनी नगरपालिकाको एक कङ्क्रिट बस्तीबीचको धान खेती । बढ्दो शहरीकरणसँगै अहिले तराईका थुप्रै खेत 'कि खडेरी कि घडेरी' भएका छन

व्यास नगरपालिका वडा नं ५ बेनी पाटन निवासी भइरम बोटे माछा मार्ने जाल बुन्दै । उनीहरुको पुर्खौली पेसा माछा मार्ने भएपनि पछिल्लो समय तरकारी खेतीतर्फ आकर्षित हुँदै गएका छन्



# मासिक १० लाखको कारेबार गर्दै सिते बा कृषि फार्म




■ केशव भट्ट

काठमाडौं । कलाकार मधुसुदन पाठक 'सिते बा' को नामबाट सुरु भएको सिते बा अर्गानिक कृषि फार्मले मासिक १० लाख भन्दा बढिको कारोबार गरिरहेको छ । २ करोड ५० लाख लगानीमा निर्माण गरिएको ५० रोपनी क्षेत्रफलमा फैलिएको उक्त फार्मले मासिक १० लखको कारोबार गर्दै आएको हो । सो फार्ममा गाईपालन, खसि तथ सम्पूर्ण तरकारी र घाँस समेत खेती गरिएको छ। फार्मलाई बहुआयामिक बनाउदै लैजाने अवधारणा रहेकोले भावि दिनमा अनेकौं तालिम दिने, अर्गानिक खाद्यान्न भण्डार सञ्चालन गरिन लागेको फार्मका कार्यकारी सञ्चालक अर्जुन खनालले जानकारी दिए । खनालका अनुसार खाद्यान्न भण्डारमा नेपालका विभिन्न स्थानमा भएका अर्गानिक खाद्यवस्तु राखिने। ५ भन्दा बढि प्रकारका कृषि उत्पादनको बजार विस्तार गर्ने योजना रहेको छ । सिते बा कृषि फार्मको उत्पादन काठमाडौंको टोखा, बालुवाटार, सितापाईल बालाजु, बुढानिलकण्ठ, कालोपुल लगायतका ठाँउहरुमा दैनिकरुपमा जान लागेको सञ्चालक खनालले उल्लेख गरे ।

उक्त फाममा १६ वटा दूध दिने गाई छन, भने ४ वटा बाच्छा छन । १६ गाई मध्ये ८ वटा होलस्टेन जातिको र ८ वटा जर्सी जातका गाई छन । दैनिक १२० लिटर दूध बजारमा पठाउने गरेको फार्मका कार्यकारी सञ्चालक अर्जुन खनालले बताए । फार्मको बारेमा जानकारी दिंदै खनालले भने, 'हामी नियमित उपभोक्ताको घरदैलोमा हाम्रो फार्मको दूध आफै पुऱ्याउछौं ।' एउटा गाडि र एउटा मोटरसाईकल मार्फत हरेक दिन सिधै उपभोक्ता माझ तरकारी, मासु र दूध पुऱ्याउने गरेको उनले बताए । सूरुमा ५ वटा गाई मार्फत सुरु गरिएको गाई फार्ममा हाल १६ वटा गाई भएका र भावी दिनमा बढाउदै जाने खनालले बताए । गाईको लागि तीन रोपनीमा सुपर नेपियर घाँसपनि खेति गरिएको छ । फार्ममै पालेका गाईहरुको लागि घाँस खेती गरिएको खनालले बताए ।

सो फार्म अर्न्तगत फार्म स्टे, कृषि पाठशाला, आराम कक्ष तथा अन्य भौतिक संरचना पनि बनेर सञ्चालनमा ल्याउने तयारी भईरहेको कार्यकारी सञ्चालक खनालले बताए । ८ जना सञ्चालक ररहेको उक्त फार्ममा हाल २३ जना भन्दा बढिले रोजगारी पाएका छन । फार्ममा रहेका ७० वटा भन्दा बढि टनेलमा गोलभेंडा, काँक्रा, साग, काउली लगायतका तरकारी खेती गरिएको छ । तरकारीका विरुवा ताथ बेर्ना पनि उत्पादन गर्ने गरेको बताउदै खनालले अहिलेको अवस्थामा १० हजार वेर्ना रहेको बताए । उनले भने, 'हामीले उत्पादन गरेको बेर्ना हामी आफैले खेती गरिरहेका छौं, त्यस्तै माग अनुसार बाहिर पनि पाठाउछौं ।' ६ वटा टनेलमा ९० दिनमा तयार हुने काउली सँगै काँक्रा पनि रोपिएको छ । खनालका अनुसार आफ्ना दैनिक उपभोक्तालाई काउली ठिक हुने भएकाले बजार खोज्दै हिड्नु पर्ने बाध्यता छैन । हाल फार्म रहेको काउली सँगै विभिन्न २० थरिका तरकारी खेती गरिएको छ । पछिल्लो सिजनामा हजार केजि मुला बजारमा पठाएको र ५ सय केजि मुला, तीन सय केजि बोडि बजारमा पठाईसकेको बताउदै खनालले भने, 'हाईब्रिड प्रजातीका अर्गानिक तरिकाले खेति गरिएकाले बढि उत्पादन हुने गरेको छ ।' फार्ममा माछापालनको लागि पनि भौतिक संरचना तयार गरिएको खनालले जानकारी दिए । माछासँगै फाउन्टेन पार्कको रुपमा पोखरीलाई विकसित गरिने सञ्चालक खनालले बताए ।

# बढी भाडा असुल्दै सार्वजनिक सवारी

■ पूर्णप्रसाद मिश्र



काठमाडौं । कोरोना भाइरसबाट बच्न सार्वजनिक यातायातमा लागू गरिएको नियम यातायात व्यवसायीका लागि बढी भाडा असुल्न मात्र उपयोग भइरहेको यात्रुको गुनासो छ । बन्दाबन्दी खुलेसँगै बाहिर निस्कने मानिस बढ्न थालेका छन् । जसका कारण सार्वजनिक यातायातमा भीड बढ्दै छ । सिट क्षमताको आधामात्र यात्रु राख्न पाउने नियमको चालक परिचालकले पालना गरेका छैनन् । नियामक निकाय ट्राफिक प्रहरीले पनि यसतर्फ ध्यान नदिएको यात्रु नवराज भण्डारीले गुनासो गरे । यात्रु चढेर ओर्लेपछि छोटो दूरीमा पनि न्यूनतम् रु २५ भाडा लिइए पनि सिट क्षमताको आधा यात्रु नराखेको उनले बताए । सिट क्षमताको आधामात्र यात्रु राख्न नै ५० प्रतिशत बढी भाडा लिन पाउने व्यवस्था गरिएको हो । परिचालकले चढ्नेलाई नआऊ भन्न नसकिने भनी उत्तर दिने गरेको नेपाल यातायातमा यात्रा गरी झर्नुभएकी यात्रु पार्वती घोरासैनीले बताईन ।

सार्वजनिक सवारी सिटभर यात्रु भरिएर उभिरहेका बेला पनि आधा घण्टासम्म कुरेर पर्खने क्रम दोहोरिन थालेको उनको गुनासो छ । केही दिन अघिसम्म काठ क्षेत्रका सवारीमा मात्र यात्रुको भीड देखिने गरेकामा अब भित्री शहरमा चल्ने सवारीमा पनि भीड बढ्न थालेको छ । भित्री शहरमा चल्ने नेपाल यातायात, कान्तिपुर यातायात, विभिन्न स्थानमा चल्ने माइक्रो र सफा टेम्पोमा पनि सिटभर यात्रु देखिन थालेका छन् । अनुगमनको जिम्मेवारी ट्राफिक प्रहरीलाई दिइएको यातायात व्यवस्था विभागले जनाएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथका प्रवक्ता बामदेव गौतम जनशक्ति अभावका कारण सबैतिर आवश्यकता अनुसार अनुगमन गर्न नसकिएको स्वीकार गरे । हाल उपत्यकामा पोशाक एवं सादा पोशाकमा समेत गरी २ ९ टोली सार्वजनिक यातायात अनुगमनकै लागि खटाइएको उनले सुनाए । शुक्रबार सिट क्षमताको आधाभन्दा बढी यात्रु राख्ने १९ सवारीलाई कारवाही गरिएको थियो । शनिबार भने सिट क्षमताभन्दा बढी यात्रु राख्ने सवारी कमै भेटिएका थिए । यसैगरी सरकारले तोकेको साविकको भाडादरमा ५० प्रतिशतभन्दा बढी भाडा लिने १३ वटा माइक्रो र ट्याक्सीलाई सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार रु ५०० भन्दा बढी जरिवाना गरिएको छ । महाशाखाले शनिबार ८०४ सार्वजनिक सवारीमा अनुगमन गरेको थियो ।

> “ सार्वजनिक यातायातमा साबुन पानीले हात धुने व्यवस्था गर्न पानीको अभावका कारण कठिन छ । सार्वजनिक यातायातमा भीड बढेसँगै पुन:संक्रमण बढ्नसक्ने खतरा देखिएको छ

सार्वजनिक सवारीमा बढी यात्रु चढेको भन्ने सूचना प्राप्त भएकाले मोटरसाइकलमा पनि अनुगमन टोली पठाइएको छ । टोलीले बढी यात्रुलाई सवारीबाट झारेर चिट काटी छाड्ने गरेको छ । सार्वजनिक सवारीले ५० प्रतिशतभन्दा बढी भाडा लिन बसभित्र स्यानिटाइजरलगायत सुरक्षा व्यवस्था मिलाएको हुनुपर्ने व्यवस्थाको पनि पालना भएको छैन । सार्वजनिक यातायातमा साबुन पानीले हात धुने व्यवस्था गर्न पानीको अभावका कारण कठिन छ । सार्वजनिक यातायातमा भीड बढेसँगै पुन:सङ्क्रमण बढ्नसक्ने खतरा देखिएको छ । सार्वजनिक यातायातमा सिट क्षमताको आधाभन्दा बढी यात्रु राखे, तोकिए भन्दा बढी भाडा लिएमा ट्राफिक प्रहरीको १०३ नं मा सम्पर्क गरेर उजूरी गर्न सकिने विभागका महानिर्देशक गोगनबहादुर हमालले बताए ।


# कर्पोरेट

## कामना सेवा र सुगम पोखरेलबीच सम्झौता



काठमाडौं । कामना सेवा विकास बैंक र नेपालको साङ्गीतिक क्षेत्रका प्रख्यात पपगायक, गीतकार तथा सङ्गीतकार सुगम पोखरेलबीच बैंकको आधिकारिक आवाज बन्ने सम्झौता भएको छ । सम्झौता पश्चातबैंकको आधिकारिक आवाजको रुपमा गायक पोखरेलको आवाज रहनेछ। बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बैंकको गतिविधिहरुमा आफ्नो सुमधुर अवाज दिई बैंकको सारथीको भूमिका निर्वाह गर्ने स्वीकृति दिएकोमा गायक पोखरेल प्रति आभार व्यक्त गरे । गायक पोखरेलले आफूलाई यो अबसर प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिए । ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १ सय २४ वटा शाखा तथा ६६ वटा एटिएम मार्फत ग्राहकलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ ।

## ओपो ए५२ नेपालमा




काठमाडौं । ओपोले नेपाली बजारमा नयाँ स्मार्टफोन ओपो एप५२ सार्वजनिक गरेको छ । ब्राण्डले सार्वजनिक गरेको छ । ट्वाइलाइट ब्ल्याक र स्ट्रिम ह्वाइट गरी यो फोन दुई रङमा उपलब्ध गरिएको छ। यसको मोटाइ ८.९ एमएम र वजन जम्मा १९२ ग्राम रहेको छ । ओपो एप५२को डिस्प्लेको कुरा गर्दा यसमा १०८०×२४०० एफएचडीं रेजोल्यूशन सहितको ६.५ ईञ्च नियो डिस्प्ले (ब्लाइन्ड होल स्क्रिन)को प्रयोग गरिएको छ । स्क्रिनको पिक्सेल डेन्सिटी ४०५ पीपीआई रहेको छ। उपकरणको स्क्रिन टू बडी रेसियो ९०.५५ छ। फोनको डिस्प्लेमा ईन(सेल टेक्नोलोजी (सनलाइट स्क्रिन), ब्ल्यू शिल्ड (टीयूभी राइनल्याण्ड प्रमाणित) लगायत पनि उपलब्ध गरिएको छ।

ओपो एप५२मा कम्पनीले क्वाड रियर क्यामेरा सेटअपको प्रयोग गरेको छ। यसको प्रमुख रियर क्यामेरा एफ१.७ एपर्चर सहितको १२एमपी र सेकेन्डरी रियर क्यामेरा एफ२.२ सहितको ८एमपी (वाइड) रहेको छ। साथै, फोनमा दूई ओटा एफ२.४ एपर्चर सहितको २एमपी रेजोल्यूशन सेन्सर रहेका छन्। जसमध्य, एउटा माक्रो लेन्स र अर्को पोट्रेट लेन्स हुन् । यिनमा टच टू फोकस, फेज डिटेक्शन एएफ अटोफोकस प्रविधिपनि उपलब्ध गरिएको छ । फोनको रियर क्यामेरालाई सहयोगार्थ यसमा डुअल एलईडी फ्ल्याशको प्रयोग गरिएको छ । सेल्फीका लागि भने एफ२.० एपर्चर सहितको १६.०एमपी फ्रन्ट क्यामेराको व्यवस्था गरिएको छ ।फोनमा ४जीबी ऱ्याम र १२८जीबी आन्तरिक सञ्चय क्षमताको ब्यवस्था गरिएको छ । कलरओएस ७.१ (एण्ड्रोइड १०)द्वारा सञ्चारित हुने यसमा प्रयोगकर्ताले आफ्नो आवश्यकताअनुसार एसएसडीमार्फत सञ्चय क्षमतालाई २५६जीबीसम्म बढाउन सक्छन् । ओपो एप५२मा कम्पनीले १८वाट फास्ट चार्जिङ प्रविधि सहितको ५ हजार एमएएच क्षमताको ब्याट्री जडान गरेको छ। ओपो एप५२को बजार मूल्य रु. २९,९९० निर्धारण गरिएको छ ।

## हिमालय एयरद्वारा स्वास्थ्य सामग्री सहयोग




काठमाडौं । हिमालय एयरलाइन्सले कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि विभिन्न अस्पताल तथा निकायलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ । सो एयरलाइन्सले आम्दा अस्पताल, दमक र सिसीएमसी, गुल्मीका लागि स्वास्थ्य सामग्री सहयोग गरिएको विज्ञप्ति मार्फत जनाएको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हालै झापाको दमकस्थित आम्दा अस्पताललाई पोर्टेबल भेन्टिलेटर र अन्य स्वास्थ्य सामग्री तथा कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सिसीएमसी), गुल्मीलाई पिसीआर उपकरण हस्तान्तरण गरिएको जनाएको छ ।

शनिबार पनि एरलाइन्सले पिसीआर (एनएइ ३२, आइसिटी ओबी १६ उपकारण र अन्य अत्यावश्यक स्वास्थ्य उपकरण तथा सामग्री ५१ हजार २०० थान डिस्पोजेबल मेडिकल मास्क, ६०६ थान मेडिकल फेस शिल्ड, ५७५ थान मेडिकल चस्मा, ४० थानमेडिकल इन्फ्रारेड थर्मोमिटर, ३५ जोर प्रोटेक्टिभ बुट र पाँच जोर डिस्पोजेबल पञ्जा सिसिएमसी गुल्मीलाई प्रदान गरिएको कम्पनीले उल्लेख गरेको छ ।

एयरलाइन्सका अध्यक्ष झोउ एन्योगले आम्दा अस्पताललाई एक पोर्टेबल भेन्टीलेटरसहित ५०० थान आरडिटी किट, १०० थान पिपिइ सेट, ५०० थानएन (९५ मास्क, दुई हजार जोर सर्जिकल मास्क, पाँच हजार जोर डिस्पोजेबल पञ्जा र पाँच इन्फ्रारेड थर्मोमिटर हस्तान्तरण गरेको कम्पनीले जनाएको छ । हिमालयले सरकारको कोभिड-१९ कोषमा रु एक करोड रकम योगदानका अलावा एअरलाइन्सले हालसम्म १७७ टन अत्यावश्यक स्वास्थ्य सामग्री आपूर्ति गर्न २४ वटा चार्टर्ड उडान गरेको छ ।

## सनराइज बैंकले आकर्षक व्याजदरमा कर्जा प्रवाह गर्ने

काठमाडौं । सनराइज बैंकले आफ्ना ग्राहकहरुलाई आकर्षक व्याजदरमा कर्जा प्रवाह गर्ने योजना सहित सहज तथा सरल किस्ताबन्दीमा घर निर्माण, घर तथा जग्गा खरिद र शेयरको धितोमा कर्जा दिने व्यवस्था गरेको छ । सन्राइज घर कर्जा अन्तर्गत सेवाग्राहीले ४० वर्षसम्मको अवधिका लागि ८.९५ प्रतिशत व्याजदरमा घर जग्गा कर्जा लिन पाउनेछन् । यसै गरी बैंकले शेयर धितो कर्जामा ९.९५ प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गर्ने जनाएको छ ।कोभिड-१९ ले अर्थव्यवस्थामा परिरहेको असहज परिस्थितिका बावजुत पनि कर्जा सुबिधालाई सहजीकरण गर्ने उद्देश्यले बैंकले यो योजना ल्याएको हो । कर्जा लिन चाहने ग्राहकहरुले विना झन्झट छिटो छरितो कर्जा प्राप्त गर्न सक्नेछन् । ग्राहक महानुभावहरुले देशका १३४ स्थानमा फैलिएको सन्राइज बैंकका शाखाहरुबाट यो सुविधा उपभोग गर्न सक्नुहुनेछ । सिमित अवधिको लागि ल्याइएको यस योजनाबाट लाभ लिन सम्बन्धित सबै पक्षहरुबाट अपेक्षा गरिएको छ । आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गर्दै बैंकले यस्ता सरल तथा सहज किसिमका कर्जा योजनाहरु भविष्यमा पनि ल्याउँदै जाने जनाएको छ ।

## महालक्ष्मी बैंकले ल्यायो विशेष कर्जा सुविधा



काठमाडौं । महालक्ष्मी विकास बैंकले घर खरिद गर्न अथवा घर निर्माण गर्न इच्छुकहरुलाई लक्षित गरी आवास कर्जा र उद्यम गर्न इच्छुकहरुलाई लक्षित गरी उद्यमशील कर्जाअन्तर्गत विशेष कर्जा सुविधा योजना ल्याएको छ । बैंकले दुवै कर्जा योजनामा ऋणिका लागि ९.९९ प्रतिशत व्याजदरमा कर्जा प्रवाह गर्नुका साथैकर्जा शुल्कमा विशेष छुट प्रदान गर्नेछ । आवास कर्जायोजना अन्तर्गत ऋणिका लागि निर्माण लागतको शत प्रतिशत कर्जा प्रवाह गर्नुका साथैकर्जाको अवधि अधिकतम ३० वर्ष, दुई बर्षसम्म व्याज मात्र भुक्तानी गर्न सकिने,घर निर्माणमा अग्रिम कर्जा प्रवाह तथा नि:शुल्क दुर्घटना वीमा जस्ता आकर्षक सुविधाहरुप्रदान गर्ने बैंकले जनाएको छ ।

उद्यमशील कर्जा योजना अन्तर्गत ऋणिका लागि धितो मूल्यांकनमा उच्चतम कर्जा प्रवाहगर्नुका साथै व्यवसाय सुरु गर्न अग्रिम कर्जा प्रवाह गर्ने जस्ता सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ । घर खरिद गर्न अथवा घर निर्माण गर्न र उद्यम गर्न चाहनेहरुका लागि लाभदायक महालक्ष्मी आवास कर्जा र महालक्ष्मी उद्यमशील कर्जाबैंकका सम्पुर्ण शाखाहरुबाट उपलब्ध हुनेछन् । बैंकले देशका शहरी तथा ग्रामीण क्षेत्रका विभिन्न स्थानहरुमा १०२ वटा शाखाहरुमार्फत सेवा प्रदान गरिरहेको छ ।

## महेन्द्रनगर मालपोत कार्यालयमा मेगा बैंकको एक्सटेन्सन काउन्टर



काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले कञ्चनपुरको महेन्द्रनगरस्थित मालपोत कार्यालयमा एक्सटेन्सन काउन्टर विस्तार गरेको छ। घरजग्गासम्बन्धी कारोबार तथा राजश्व संकलन कार्य सहज तथा व्यवस्थित होस् भन्ने उद्देश्यले मेगा बैंकले महेन्द्रनगरस्थित मालपोत कार्यालयमा एक्टेन्सन काउन्टर विस्तार गरेको हो । महेन्द्रनगर मालपोत कार्यालयका प्रमुख खेमराज खत्री र मेगा बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख सागर ओझाले एक समारोहका बीच एक्सटेन्सन काउन्टरको औपचारिक रुपमा उद्घाटन गरे । बिभिन्न सरकारी कार्यालयमा एक्सटेन्सन काउन्टर खोलेर सेवा र सञ्जाल विस्तार गर्ने बैंकको नीति अनुरुप मेगा बैंकले यसअघि महेन्द्रनगरस्थित यातायात कार्यालयमा पनि एक्सटेन्सन काउन्टर विस्तार गरेको थियो । ग्राहकको विश्वास जित्दै अघि बढ्दै गरेको मेगा बैंकको यो ३२ औं एक्सटेन्सन काउन्टर हो। मेगा बैंकको देशभर २०६ वटा शाखा र १४२ वटा एटीएम सञ्जाल छन् ।


सौर्य खेलकुद

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४




*फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेनका युवा फरवार्ड किलीयन एमबाप्पेको चोट गम्भीर रहेको क्लबले विज्ञप्ति जारि गर्दै जानकारी दिएको छ*

*इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडको प्रि सिजन टुर अन्तर्गतको भारत भ्रमण कोरोना भाइरस महामारीका कारण रद्द भएको छ*




# डान्सिङ स्टार्स नेपालमा फुटबलर हरि पनि नाच्ने




■ **सौर्य समाचार**

काठमाडौ । हरि खड्का भन्ने बित्तिकै फुटबल स्वतः जोडिएर आउँछ । नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान खड्का महिला राष्ट्रिय टोलीका पूर्व प्रशिक्षक पनि हुन् । देशका लागि सर्वाधिक अन्तर्राष्ट्रिय गोल गर्ने दुई मध्ये खड्का एक हुन् । उनले र नीराजन रायमाझीले समान १३ गोल गरेका छन् ।

दशक भन्दा लामो समययता उनीहरुको कीर्तिमान तोड्ने अर्को खेलाडी निस्केको छैन । फुटबलबाट सुरु हुने खड्काको परिचय अहिले सम्मका लागि त्यसकै वरिपरि छ । फुटबल भन्दा परको अर्को एउटा अवसरलाई चुनौतीका रुपमा स्वकार्दै तयारी गरिरहेको खड्काले बताए ।

उनी रियालिटि डान्सिङ सोमा टेलिभिजनमा आउने तयारीमा छन् । केहि साता पछि हिमालयन टेलिभिजनमा सुरु हुने डान्सिङ विद द स्टार्स नेपाल (डिडब्लूटिएस नेपाल) का सहभागीका रुपमा खड्का आउने तयारीमा छन् । त्यसका लागि उनले अभ्यास पनि सुरु गरिसकेका छन् । खड्काको कोरिग्राफरमा युमी बलामी रहेकी छन् ।

बिबिसी इन्टरटेनमेन्टको फ्रेन्चाइज सोका रुपमा हिमालयन टेलिभिजनले कार्यक्रम उत्पादन गर्न लागेको डिडब्लूटिएस नेपालका निर्देशक लक्ष्मण पौडेलले जानकारी दिए । अलग अलग क्षेत्रमा आफुलाई प्रमाणित गरिसकेका स्टारहरुलाई समेटेर डान्सिङ स्टार गर्न लागेको जनाउँदै पौडेलले भने, 'अलग अलग विद्याका १२ जनालाई हामीले प्रतिस्पर्धा समेटेका छौं । जसमा खेलकुदलगायत सामाजिक, मोडलिङ, गायनलगायतको क्षेत्रबाट हुनुहुन्छ ।' खड्काले पनि अवसरलाई चुनौतीका रुपमा स्वीकार गरेको बताएका छन् । 'भारतीय फुटबल टोलकि पूर्व कप्तान भाइचुङ भुटियाले यस्तै डान्सिङ प्रतिस्पर्धामा भाग लिएका थिए,' खड्काले भने, ' उनीबाटै प्रभावित भएर मैले पनि आट गरेको हुँ । एउटा क्षेत्रमा प्रमाणित भएर अर्को क्षेत्रको चुनौती लिन मजा आउँछ भन्ने लागेको छ । म उत्साहित छु । '

निर्देशक पौडेलका अनुसार कार्यक्रम सुरु हुन महिना दिन जस्तो लाग्नेछ । प्रतिस्पर्धीहरुलाई हरेकलाई कोरियोग्राफर दिएर प्रतिस्पर्धाको लागि पनि तयारी सुरु भइसकेको बताइएको छ । यसअघि पूर्वकप्तान अनिल गुरुङले पनि सहभागिता जनाउने भनिएको यस कार्यक्रममा अन्तिम समयमा व्यस्तताका कारण उनले नाम फिर्ता लिएका थिए ।

दक्षिण एसियाली खेलकुद (साग) मा गत वर्ष स्वर्ण पदक जित्न नसकेपछि नैतिकताका आधारमा भन्दै उनले पदबाट राजीनामा दिएका थिए । खड्का अहिले पनि अखिल नेपाल फुटबल संघ (एन्फा) को महिला विभागको प्रमुखका रुपमा कार्यरत छन् । नेपाल प्रहरीका पूर्व सइ खड्काले नेपाल पुलिस क्लब र एनआरटीबाट सहिद स्मारक ए डिभिजन लिग जितेका थिए ।

# वेस्टइन्डिजविरूद्ध इंग्ल्यान्ड हावी

■ **एजेन्सी**



लण्डन । वेस्टइन्डिजविरुद्धको तेस्रो तथा अन्तिम टेष्ट खेलमा घरेलु टोली इंग्ल्यान्ड हावी बनेको छ । दोस्रो दिनको समाप्तीमा वेस्टइन्डिज २ सय ३२ रनले पछि छ ।

पहिलो इनिङमा ४७.१ ओभरमा वेस्टइन्डिजले ६ विकेट गुमाउँदै १ सय ३७ रन बनाएको छ । कप्तान जेसन होल्डर २४ र विकेटकिपर शेन डोरीच १० रनमा क्रिजमा छन् । ओपनर क्रेग ब्रेथवेटलाई स्टुअर्ट ब्रोडले कप्तान जो रुटबाट १ रनमा क्याच आउट गराए । जोफ्रा आर्चरले अर्का ओपनर जोन क्याम्पबेललाई रोरी बर्न्सबाट ३२ रनमा क्याच गराउँदै पेभिलिएन फर्काए । उनले ५० बलमा ३ चौका प्रहार गरे ।

जेम्श एन्डरसनले शाई होपलाई १७ र शम्राह ब्रूक्सलाई ४ रनमा जस बटलरबाट क्याच गराउँदै पेभिलिएन फर्काएपछि वेस्टइन्डिजले रन जोड्न संघर्ष गरेको थियो । रोस्टन चेश ९ रनमा आउट भए । इंग्ल्यान्डका एन्डरसन र ब्रोडले २-२ विकेट लिए । क्रिस वोक्स र आर्चरले पनि १-१ विकेट लिएका छन् ।

ओल्ड ट्राफर्ड म्यानचेस्टरमा टस हारेर ब्याटिङको निम्तो पाएको इंग्ल्यान्ड १११.५ ओभरमा ३ सय ६९ रनमा अल आउट भयो । इंग्ल्यान्डका युवा ब्याट्सम्यान ओली पोपले सर्वाधिक ९१ रनको योगदान दिए । पोप १ सय ५० बलमा ११ चौका प्रहार गरे । शेनन ग्याब्रियलले बोल्ड आउट गरेपछि ओली शतक बनाउँन ९ रनले चुकेका थिए । विकेटकिपर जस बटलरले १ सय ४२ बलमा २ छक्का र ७ चौका सहित ६७ रनमामा क्याच आउट भए ।

पाँचौ विकेटका लागि पोप र बटलरले १ सय ४० रनको महत्वपूर्ण साझेदारी गरेका थिए। ओपनर रोरी बर्न्स १ सय ४७ बलमा ४ चौका सहित ५७ रनमा क्याच आउट भए । अर्का ओपनर डोम सिब्लेलाई केमार रोचले एलबिडब्लू शून्यमा आउट गरे । कप्तान जो रुट १७ रनमा रन आउट भए । रोचले बेन स्टोक्सलाई २० रनमा बोल्ड आउट गरे ।

तल्लोक्रममा स्टुअर्ट ब्रोडले ४५ बलमा ९ चौका र १ छक्का सहित ६२ रन जोड्दै इंग्ल्यान्डलाई बलियो योगफलमा पुर्याए । ब्रोडले ३३ बलमा अर्ध शतक पूरा गरेका थिए । डोम बेस १८ रनमा अविजित रहे । वेस्टइन्डिजका तीब्र गतिका बलर केमार रोचले सर्वाधिक ४ विकेट लिए । योसँगै रोचले आफ्नो टेष्ट करिअरमा २ सय विकेट पूरा गरेका छन् । त्यस्तै शेनन ग्याब्रियलले र रोस्टन चेशले २-२ विकेट लिए । कप्तान जेसन होल्डरको नाममा १ विकेट रह्यो । तीन टेष्ट सिरिज १-१ को बराबरीमा छ । त्यसैले दुबै टोलीलाई अन्तिम खेल जित्नै पर्ने दबाब छ ।

## केमर रोचको दुई सय विकेट

■ **एजेन्सी ।**

वेस्ट इन्डिजका तीव्र गतिका बलर केमर रोचले टेस्ट क्रिकेटमा दुई सय विकेट पूरा गरेका छन् । उनले इङ्ल्यान्डविरुद्धको टेस्ट खेल दौरान सिरिजको तेस्रो खेलमा दुई सय विकेटको आँकडा पूरा गरेका हुन् ।

रोच वेस्ट इन्डिजका पूर्वदिग्गज क्रिकेटर कर्टली एम्ब्रोसपछि दुई सय विकेटको आँकडा पूरा गर्ने पहिलो खेलाडी हुन् । एम्ब्रोसले सन् १९९४ मा उक्त आँकडा पूरा गरेका थिए ।

म्यानचेस्टरमा जारी तेस्रो टेस्ट खेलका दौरान दोस्रो दिन इङ्ल्यान्डका अलराउन्डर क्रिस वोक्सलाई पभेलियन फर्काउँदै रोचले यो आँकडा पूरा गरेका थिए । 'यो मेरा लागि सुखद हो । अब म तीन यस विकेटको आँकडा हेर्नेछु । जुन मेरा लागि निकै महत्त्वपूर्ण हुनेछ । यसका लागि म मिहिनेत गर्नेछु,' रोचले भने ।

करियरको सुरुमा तीव्र गतिमा बलिङ गर्ने रोचले २०१४ पछि आफ्नो त्यो गति गुमाएका थिए । दुर्घटनामा परि काँधमा गहिरो चोट लागेपछि रोचलाई पुनः त्यही गति लिन निकै नै गाह्रो भएको थियो । सोही समय उनलाई टोलीबाट बाहिर गरिएको थियो ।

१८ महिनासम्म राष्ट्रिय टोलीबाट बाहिर रहेपछि तीन वर्ष पहिला रोच इङ्ल्यान्ड टुरका दौरान वेस्ट इन्डिज टोलीमा पुनः अवसर पाएका थिए । त्यसपछि उनी वेस्ट इन्डिजका लागि मुख्य बलरका रूपमा रहँदै आएका छन् । सन् २०१७ पछि रोचले २२ खेलमा ७९ विकेट लिएका छन् ।

# फ्रेन्डस् क्लबले आफ्नै मैदान बनाउने

■ **सौर्य समाचार**

काठमाडौं । सहिद स्मारक ए डिभिजन क्लब फ्रेन्डनस् क्लबले आफ्नै खेल मैदान बनाउने भएको छ । ललितपुरको क्लब फ्रेन्डस्ले चाँगुनारायण नगरपालिकामा आफ्नो खेल मैदान बनाउन लागेको हो ।

नगरपालिकाको वडा ४ मा रहेको मानेडाँडा क्षेत्रको भिरालो तथा खाँचयुक्त सार्वजनिक जग्गा व्यवस्थित गरी क्लबले आफ्नै खेल मैदान बनाउने तयारी गरेको जनाएको छ । क्लबले राष्ट्रिय स्तरको घरेलु खेल मैदान निर्माण गरी फुटबल खेल तथा खेलाडीको विकास गर्ने उद्देश्यले मैदान निर्माणका लागि वडाले उक्त जग्गा दिएको नगरपालिकाले जनाएको छ । वडाका अधिकतम स्थानीयहरुको भेलाबाट मञ्जु री भए क्लबलाई अनुमानित २५ रोपनी २५ वर्षका लागि निस्शुल्क प्रयोग गर्न दिने जनाएको छ ।

नगरपालिकाले उक्त आयोजनाको भौतिक निर्माणको काम सुरु गर्नु अघि स्थानीय तहरुसँग सम्झौता गरी सोहीबमोजिम काम अघि बढाउने तयारी थालेको छ । मैदान निर्माणका लागि एन्फा र क्लबका पदाधिकारीले शनिबार जग्गाको निरीक्षण गरेका थिए ।

# मेस्सी इन्टर जाने चर्चा

■ **एजेन्सी**



इटाली । डेढ दशक भन्दा लामो व्यवसायिक खेल जीवनमा लियोन मेस्सीले बार्सिलोना बाहेक अन्य क्लबका खेलेका छैनन् । तर त्यो अब परिवर्तन हुने सम्भावना देखिएको छ ।

मेस्सीले आफ्नो खेल जीवनमा अर्को क्लबको बाटो रोज्छन् वा रोज्दैनन् भन्ने नै बेला बेलामा प्रश्न उठ्ने गरेको छ । अहिले फेरि मेस्सीले स्पेन छाडेर इटाली जाने सम्भावनाका विषयमा चर्चा सुरु भएको छ । क्लबसँग सम्झौता नवीकरण गर्ने छलफल रोकेका मेस्सीको भविष्यबारे प्रष्ट केहि आएको छैन । बार्सिलोनाले भने मेस्सी क्लबमै रहने बताउँदै आएको छ ।इन्टर मिलानले मेस्सीलाई भित्राउने विषयमा छलफल गरिरहेको बताइएको छ । उनीसँग सम्झौता गर्ने विषयमा इन्टरले अन्तरिक तयारी अघि बढाइरहेको विश्वास गरिएको छ। कप्तानको जिम्मेवारी समेत निर्वाह गरिरहेका मेस्सीको बार्सिलोनासँगको सम्झौता सन् २०२१ रहेको छ । अर्को सिजन रातो निलो जर्सी छाडेर निलो र कालो जर्सी लगाउनका लागि मेस्सी तयार हुन्छन् भन्ने इन्टरको दाबी छ । ला गजेटा डेलोले इन्टरका चिनिया मालिक मेस्सीलाई भित्राउनेमा दृढ रहेको उल्लेख गरिएको छ । इन्टरले मेस्सीलाई भित्राउनका लागि त्यहि अनुरुपका तयारी पनि गरेको दाबी सञ्चारमाध्यमले गरिरहेका छन् ।

व्यापारका लागि मेस्सीका पिता जर्ज मेस्सी इटाली जान लागेको भनिएपनि त्यसलाई उनको छोराको सरुवासँग पनि जोडेर हेरिएको छ । मेस्सीका पिताले मिलानमा घर समेत किनिसकेको चर्चा चलेको छ। युभेन्ट्सले जसरी दुई वर्षअघि क्रिस्टियानो रोनाल्डोसँग सम्झौता गरेको थियो, त्यसरी नै मेस्सीसँगको सम्झौत पनि सफल हुनेमा इन्टर विश्वस्त देखिएको छ ।

# इन्टर मिलानको सानदार जित



■ **एजेन्सी**

इटाली । फरवार्डद्धय रोमेलु लुकाकु र एलेक्सिस सान्चेजले गोल गरेपछि इन्टर मिलानले इटालियन सिरी 'ए' मा जिनोआमाथि सानदार जित निकालेको छ । इन्टरले घरेलु टोली जिनोआमाथि ३-० को सानदार जित हात पारेको हो । इन्टरको जितमा रोमेलु लुकाकुले दुई तथा एलेक्सिस सान्चेजले एक गोल गरे । पहिलो हाफमा एक तथा दोस्रो हाफमा दुई गोल सम्भव भएको थियो । खेलको शुरुवातदेखि नै घरेलु टोलीलाई दवावमा राखेको इन्टरले ३४औं मिनेटमा लुकाकुको गोलबाट अग्रता बनाएको थियो । लुकाकुले क्रिस्टियानो बिराघीको पासमा गोल गर्न सफल भएका थिए । त्यसअघि २२ औं मिनेटमा लुकाकुले नै गोल गर्ने सुवर्ण अवसर खेर फालेका थिए ।

८२औं मिनेटमा सब्सिच्युट एलेक्सिस सान्चेजले गोल गर्दै इन्टरको अग्रता दोब्बर पारे । भिक्टर मोसेसको पासमा गोल गरेका सान्चेज ६४औं मिनेटमा लोउटारो मार्टिनेजको स्थानमा मैदान प्रवेश गरेका थिए । इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा लुकाकुले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गर्दै इन्टर मिलानलाई ३-० को सानदार जित दिलाए । जितसँगै दोस्रो स्थानमा उक्लिएको इन्टरले शीर्षस्थानको युभेन्टससँगको अंक दुरी ४ मा छोट्याउदै उपाधि जित्ने गणितीय सम्भावनालाई जीवितै राखेको छ । इन्टरको ३६ खेलबाट ७६ अंक पुगेको छ ।

एक खेल कम खेलेको युभेन्टसको ८० अंक छ । तेस्रो स्थानको एटलान्टाको ७५ अंक छ । पराजित जिनोआ ३६ अंक जोडेर रेलिगेसन जोनभन्दा एक स्थान माथि छ ।

# म लेजेण्ड खेलाडी हैन - सिंह

■ **एजेन्सी**




नयाँ दिल्ली । भारतीय क्रिकेट टिमका पूर्व अलराउन्डर युवराज सिंहले आफु भारतीय क्रिकेटमा लेजेण्ड खेलाडी नभएको बताएका छन् । स्पोर्ट्सकिडासँगको एक अन्तर्वार्तामा सिंहले आफुले खेल जीवनमा इमान्दार भएको खेलेको तर आफु लेजेण्ड खेलाडीको रुपमा नपुगेको बताएका हुन् ।'पहिलो कुरा मलाई लाग्दैन कि म लेजेण्ड खेलाडी हुँ । मैले इमान्दार भएको खेलेको छु तर धेरै टेष्ट खेलेको छैन,' सिंहले भने, 'लेजेण्ड खेलाडी तिनीहरु हो जसले टेष्टमा रेकर्डहरु बनाएका हुन्छन् ।'

सिंहले भारतका लागि ४० टेष्ट र ३०४ एकदिवसीय खेलेका छन् । दुई फर्म्याटमा उनले १० हजार बढी रन बनाएका छन् ।

टी(ट्वान्टीमा ५८ खेल खेलेका सिंह भारतको विश्वकप विजेता खेलाडी हुन् । सन् २००७ को टी(ट्वान्टी विश्वकप र २०११ को एकदिवसीय विश्वकप जित्दा उनी टिममा महत्वपूर्ण सदस्य थिए । सिंह सिमित ओभरको क्रिकेटमा महान खेलाडी मानिन्छन् । उनले सन् २०१९ मा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका थिए । यस्तै सिंहले आफ्नो खेल जीवनको अन्त्यतिर भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई) ले आफुलाई अव्यवसायिक व्यवहार गरेको समेत बताए ।सिंहले खेल जीवनको अन्त्यमा बोर्डबाट आफुले सम्मान व्यवहार नपाएको बताएका हुन् ।

शुद्ध खाद्य पदार्थको प्रयोग गरौं, स्वस्थ जीवन यापन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग